

# नेपाली महिलाहरूको आर्थिक सशक्तिकरण
# मुद्दा, चुनौती र आगामी कार्यदिशा
# गाउँपालिकास्तरीय अध्ययन

२०७८

गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

NATIONAL ASSOCIATION OF RURAL MUNICIPALITIES IN NEPAL
(NARMIN)

# नेपाली महिलाहरूको आर्थिक सशक्तिकरण
# मुद्दा, चुनौती र आगामी कार्यदिशा
# गाउँपालिकास्तरीय अध्ययन
## २०७८



Pic: Womenkind Worldwide

## गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

कमलादी, काठमाडौं

# नेपाली महिलाहरूको आर्थिक सशक्तिकरणः मुद्दा, चुनौती र आगामी कार्यदिशा गाउँपालिकास्तरीय अध्ययनः २०७८


**अध्ययनकर्ता** : विकास उद्यमी

**पुनरावलोकनकर्ता** : विष्णुदत्त गौतम
विमल पोखरेल
अञ्जु ढुङ्गना

**सहकार्य** : वर्ल्ड भिजन इन्टरनेशनल नेपाल

World Vision | It takes Nepal to end child marriage

**प्रकाशन प्रतिः** ८०० प्रति

**प्रकाशन मितिः** २०७८ भाद्र

**डिजाइन** : सूर्य बुढाथोकी

**मुद्रण** : क्लासिक प्रिन्टिङ सर्भिस
अनामनगर काठमाडौं, ०१-४१०२६०२

**प्रकाशक**

**गाउँपालिका राष्ट्रिय महासंघ नेपाल**

गणेशस्थान, कमलादी, काठमाडौं, नेपाल

फोन नं. : ०१-४२२९८४१, फ्याक्सः ०१-४२४५८८९

ईमेलः info@narmin.org.np, वेभसाइटः www.narmin.org.np

# भुमिका

गाउँपालिका राष्ट्रिय महासंघ नेपालले नेपाली महिलाहरूको आर्थिक सशक्तिकरणका सवाल, चुनौती र भावी कार्यदिशाका सम्बन्धमा संक्षिप्त अध्ययन गरी प्रकाशन गरेको छ। अध्ययनले नेपाली महिलाहरूको आर्थिक सशक्तिकरणका विविध आयामहरूको अवस्था विश्लेषण गरेको छ भने यस क्षेत्रमा रहेका चुनौतीको साथसाथै भावी कार्यदिशाका सम्बन्धमा केही निश्कर्षहरू समेत प्रस्तुत गरेको छ।

नेपालको संविधान जारी पश्चात पुर्नसंरचित स्थानीय तहको निर्वाचन सम्पन्न भएको पनि चौथो वर्ष पुरा भैसकेको छ। स्थानीय तहको पहिलो कार्यकाल सम्पन्न गर्दैगर्दा पहिलो कार्यकालको उपलब्धीहरूको अध्ययन तथा सिकाई आदानप्रदान गर्दै अब हुने निर्वाचनबाट आउने जनप्रतिनिधिहरूलाई मागदर्शन गर्नेतर्फ महासंघले प्राथमिकता दिएको छ। यसै सन्दर्भमा महासंघले अनुसूची ८ मा रहेको स्थानीय तहको एकल अधिकारको कार्यान्वयनको अवस्था, उपलब्धी, अवसर, समस्या र चुनौतीहरूको क्रमश अध्ययन गरिरहेको छ। प्रस्तुत अध्ययन कार्य पनि महासंघको यही अभियानको एउटा पाटो रहेको छ।

प्रस्तुत अध्ययन प्रतिवेदनमा महिलाको आर्थिक सशक्तिहरूणको पृष्ठभुमी, अवधारणा र विविध आयामहरूको विश्लेषण गरिएको छ। नेपालमा महिलाहरूको आर्थिक सशक्तिकरणको अवस्था अन्तर्गत संबैधानिक, नीतिगत व्यवस्थाको विश्लेषण समेत गरिएको छ। यस सवालमा स्थानीय सरकारको भुमिका र जिम्मेवारीहरू र प्रदेश तथा स्थानीय तहबीचको सम्बन्धमा यस प्रतिवेदनले स्पष्ट रुपमा विश्लेषण गरिएको छ।

पहिलो कार्यकाल सम्पन्न गर्दैगर्दा महिलाहरूको आर्थिक सशक्तिकरणका सवालहरूमा स्थानीय सरकारहरू कति सफल भए ? भन्ने प्रश्नको समेत यस अध्ययनले प्रतिनिधित्व गरेको छ। सीमित श्रोत साधन र समयका बाबजुद थोरैमात्र गाउँपालिकाबाट सूचना तथा तथ्याङ्क संकलन गरि यो अध्ययन प्रतिवेदन तयार भएको छ। तर पनि भौगोलिक, सामाजिक तथा आर्थिक रुपमा विविधता रहेका गाउँपालिकाहरूबाट सूचना तथा तथ्याङ्क संकलन गरिएकोले केही हदसम्म समग्र गाउँपालिकाहरूको प्रतिनिधित्व गर्ने अपेक्षा गरिएको छ।

प्रस्तुत अध्ययन प्रतिवेदनले महिलाहरूको आर्थिक शसक्तिकरणको लागि कार्य गरिरहेका स्थानीय सरकारको साथसाथै प्रदेश र संघीय सरकारलाई समेत आगामी दिनमा नीति तथा कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयनको लागि मार्गदर्शन गर्ने अपेक्षा गरेका छौं। यसका साथै यस क्षेत्रमा कार्य गरिरहेका विभिन्न संघ/संस्था, निजी क्षेत्र र यसमा चासो राख्ने जो कोहीलाई यो प्रतिवेदन सान्दर्भिक हुने अपेक्षा गरेका छौं।

सीमित स्रोत साधन र छोटो समयको बाबजुद अध्ययन कार्यलाई प्रभावकारी रुपमा सम्पन्न गर्नुभएकोमा विकास उद्यमी संस्थाका सुबुना बस्नेत र विनोद अधिकारी तथा सम्बद्ध सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं। यहाँहरूको विज्ञता र प्रतिबद्धताले यो काम सम्पन्न भएको छ। अध्ययन कार्यको लागि सहकार्य गर्नुभएकोमा वर्ल्ड भिजन इन्टरनेशनल नेपालप्रति हार्दिक आभार व्यक्त गर्दछौं। महासंघका गतिविधिहरूमा आगामी दिनमा पनि निरन्तर सहकार्यको अपेक्षा गरिरहने छौं। यस अध्ययन कार्यको संयोजन गर्नुभएकोमा महासंघका कार्यकारी निर्देशक सहितको टिमलाई धन्यवाद व्यक्त गर्दछौं।

धन्यवाद

**होमनारायण श्रेष्ठ**
अध्यक्ष
गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

## वर्ल्ड भिजनको तर्फबाट आभार

नेपाली समाजमा महिला आर्थिक सशक्तिकरणको बहस पर्याप्त मात्रामा उठ्नु पर्ने आवश्यकता महसुस गरी वर्ल्ड भिजन ईन्टरनेशनलको सहयोग र गाउँपालिका राष्ट्रिय महासंघसगँको साझेदारीमा 'नेपाली महिलाहरूको आर्थिक सशक्तिकरण मुद्दा, चुनौति र आगामी कार्यदिशा, गाउँपालिका स्तरिय अध्ययन २०७८' सम्भव भएको हो। यस अध्ययनले महिला आर्थिक सशक्तिकरणको विभिन्न पाटोहरूसँग सम्बन्धित विषयहरू उठान गरेको छ। नेपालको संविधान २०७२ ले महिला आर्थिक सशक्तिकरणको सेरोफेरोमा रहने गरि विभिन्न व्यवस्थाहरू गरेको छ। संविधानको धारा १८ को समानताको हकको दफा ३ मा लिङ्गको आधारमा कुनै भेदभाव नगरिने, समान कामका लागि लैङ्गिकताको आधारमा पारिश्रमीक तथा सामाजिक सुरक्षामा भेदभाव नगरिने, दफा ५ मा पैत्रिक सम्पतीमा भेदभाव नगरिने लगायतका व्यवस्थाहरू गरेको छ। त्यसैगरि धारा ३८ को दफा ५ मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने व्यवस्था पनि गरेको छ। संविधानसँगै दिगो विकास लक्ष्य, १५ औं योजना, महिला आयोग ऐन - २०७४, औधोगिक व्यवसाय ऐन - २०७६, सहुलियतपुर्ण कर्जाको लागि ब्याज अनुदानसम्बन्धी कार्यविधी - २०७५ जस्ता नीतिगत व्यवस्थाहरू पनि छन्। यी सबै व्यवस्थाहरूले नेपालमा महिला सशक्तिकरणकोलाई अगाडि बढाउनका लागि महत्वपुर्ण कार्यदिशा प्रदान गरेका छन्।

वर्ल्ड भिजन ईन्टरनेशनल नेपालले महिला आर्थिक सशक्तिकरणको लागि जीविकोपार्जन, बालिका तथा महिला स्वास्थ्य एवम् बालिकालाई शिक्षामा पहुँच जस्ता कार्यक्रमहरू संचालन गर्दै आईरहेको छ। संस्थाको जीविकोपार्जनसँग सम्बन्धीत कार्यक्रमले भोकमरीको अन्त्य र बालबालिकाको सुरक्षित पौष्टिक आहारमा पहुँच, गरिबीको अन्त्य र आम्दानीमा बृद्धि, शिक्षामा पहुँच, उत्थानशिलताको निर्माण र आर्थिक, सामाजिक वातावरणसम्बन्धी आघात र विपद् जोखिम न्युनिकरणको लक्ष्य लिएको छ। सन् २००१ देखि नेपालमा काम गरिरहेको यस संस्थाले सञ्चालन गरेको जीविकोपार्जन कार्यक्रमद्धारा महिलाहरूको आर्थिक सशक्तिकरण जस मार्फत् पारिवारिक सशक्तिकरण, समुदाय र समुहको परिचालनमार्फत् उत्पादकत्व बृद्धि, र वितिय समावेशिकरणको सवलीकरण लगायतका प्राथमिकताहरूमा लक्षित रहेको छ। यस्ता कार्यक्रमहरूले महिलाहरू आर्थिक रुपमा सशक्त हुनुको साथै उक्त कुराले उनिहरूको घरायसि खर्च, छोराछोरीको शिक्षा, परिवारको स्वास्थ्य जस्ता बिषयहरूमा सहयोग गर्न मद्दत गर्छ भन्ने कुरामा वर्ल्ड भिजन विश्वास राख्दछ।

संस्थाको Building Secure Livelihood कार्यक्रमले सिमान्तीकृत परिवारहरूको जीविकोपार्जन, उत्पादनसिलता र विभिन्न प्रकारका आघातहरूलाई सामना गर्न सक्ने तहमा सुधार गर्ने लक्ष्य लिएको छ भने Ultra Poor Graduation ले अति विपन्न परिवारहरूलाई गरिबीको रेखा माथि पुग्न सहयोग गर्न सहयोग गरी महिलाहरूको स्थानिय आर्थिक प्रणाली र समुदायमा

सकारात्मक संलग्नता बढाउन महत्वपुर्ण भुमिका निर्वाह गरेको छ। यसका साथै स्थानिय मुल्य श्रृङखला विकास, बजार साक्षरता जस्ता कार्यक्रममार्फत् महिला आर्थिक सशक्तिकरणका विषयहरूलाई पनि उत्तिकै प्राथमिकतामन राखेको छ। कोभिड माहामारीले विश्व बजारमा पारेको असर र सो को प्रभाव महिलाहरूमा अझै बढि रहेको विभिन्न अध्ययनहरूले दर्शएका छन्। यस्तो अवस्थामा नेपालमा महिला सशक्तिकरणको विषय उठाउनु निकै महत्वपूर्ण छ।

वर्ल्ड भिजन ईन्टरनेशनल नेपालको यस अभियानमा साझेदारि गरि यस अध्ययनलाई अगाडि बढाउनुभएकोमा गाउँपालिका राष्ट्रिय महासंघ नेपाललाई हार्दिक धन्यवाद दिन चाहान्छु। गाउँपालिका महासंघमार्फत् यस अध्ययनले निकालेका महत्वपुर्ण सुझावहरूलाई देशभरिका पालिकाहरूमा पुर्‍याई यो अभियानलाई अझ मजबुत बनाउनका लागि महासंघको भुमिकाको अपेक्षा पनि गरेको छु। अन्त्यमा यो अध्ययनमा प्रत्यक्ष परोक्ष रुपमा जोडिनुभएका वर्ल्ड भिजन लगायत अध्ययनमा संलग्न सबैलाई धन्यवाद दिन चाहान्छु।

**वर्ल्ड भिजन ईन्टरनेशनल नेपाल**

# कृतज्ञता


नेपाली महिलाहरूको आर्थिक सशक्तिकरण, मुद्दाहरू, चुनौतीहरू र भावी कार्यदिशा सम्वन्धी अध्ययन गर्नका लागि अवसर प्राप्त भएकोमा विकास उद्यमी नेपाल गाउँपालिका राष्ट्रिय महासंघ नेपालप्रति हार्दिक आभार व्यक्त गर्दछ। यस अध्ययनका लागि आवश्यक मार्गनिर्देशन, सहयोग, पृष्ठपोषण, सल्लाह र सुझाव प्रदान गर्नुभएकोमा र गाउँपालिकसँग समन्वय समेत गरी सहयोग गरिदिनु भएकोमा गाउँपालिका राष्ट्रिय महासंघका कार्यकारी निर्देशक राजेन्द्र प्याकुरेलज्यू लगायत महासंघका सबै कर्मचारीहरूप्रति पनि आभार प्रकट गर्दछु। त्यसरी नै यस अध्ययनको अवसरका लागि वर्ल्ड भिजनका श्याम अधिकारीप्रति आभार प्रकट गर्दछु। आर्थिक वर्षको अन्तिमतिरको अति व्यस्त समयमा पनि अध्ययनसम्वन्धी प्रश्नावलीहरूको समयमा नै जवाफ दिई सहयोग पुर्याउनु हुने अध्ययनका लागि छनोट भएका गाउँपालिका र विशेष गरी अध्यक्ष, उपाध्यक्ष, प्रमुख कार्यकारी अधिकृतज्यूहरूप्रति पनि हार्दिक धन्यवाद व्यक्त गर्दछु।

यस अध्ययनलाई सम्पन्न गर्न स्रोत सामग्रीहरूको खोज तथा अध्ययन, प्रश्नावलीको तयारी, जवाफहरूको संकलन, विश्लेषण, समीक्षा, विषयवस्तुको प्रस्तुतिकरण, तालिकाहरूको व्यवस्थापन आदि अध्ययनका सम्पूर्ण कार्यमा खटिनुहुने सुबुना बस्नेत र विनोद अधिकारीको साथै अध्ययन सहयोगीको रूपमा विभिन्न कार्यमा आवश्यक सहयोग पुऱ्याउनुहुने सजनी लामा र राधिका बुढाथोकीप्रति पनि विकास उद्यमी नेपाल हार्दिक धन्यवाद व्यक्त गर्दछ।

अन्त्यमा, विकास उद्यमीले विगत केही समयदेखि उद्यमशीलताको क्षेत्रमासमेत काम गर्दै आएको हुनाले सो अनुभवले यस अध्ययनलाई सम्पन्न गर्न केही मद्दत पुगेको अनुभव भएको छ। छोटो समयमा नै सम्पन्न गरिएकोले यस अध्ययनमा केही कमी कमजोरीहरू हुन सक्दछन् यसैले यसलाई अझ परिष्कृत बनाउन सरकारी, गैर सरकारी र सरोकारवाला सबै निकायबाट रचनात्मक सुझावको अपेक्षा गर्दै यस सम्बन्धमा भविष्यमा गर्न सकिने विस्तृत अध्ययनका लागि यो अध्ययन एउटा महत्वपूर्ण सन्दर्भ सामग्रीको रूपमा प्रयोग हुनसक्ने विश्वास राख्दछु।

**कार्यकारी निर्देशक**
विकास उद्यमी

# विषय-सूची

## खण्ड – १


| | | |
|---|---|---|
| १. | परिचय | ३ |
| | १.१. अध्ययनको उद्देश्य | ४ |
| | १.२. अध्ययनको सीमितता | ५ |
| | १.३. अध्ययनको विधि | ५ |
| २. | महिलाको आर्थिक सशक्तिकरणको पृष्ठभूमि | ६ |
| ३. | महिलाको आर्थिक सशक्तिकरणको अवधारणा | ९ |
| | ३.१.महिला आर्थिक सशक्तिकरणका आयामहरू | १० |
| ४. | नेपालमा महिला आर्थिक सशक्तिकरणको अवस्था | १२ |
| | ४.१. संवैधानिक प्रावधान | १३ |
| | ४.२. नीतिगत प्रावधानहरू | १४ |
| | ४.३. गाउँपालिकाका भूमिका र जिम्मेवारीहरू | २२ |
| | ४.४. प्रदेश तथा स्थानीय तहबीचको सम्वन्ध | २३ |


## खण्ड – २


| | | |
|---|---|---|
| ५. | नेपाली महिलाहरूको आर्थिक सशक्तिकरण: गाउँपालिका स्तरिय सर्वेक्षण | २७ |
| | ५.१. सर्वेक्षणको परिचय | २७ |
| | ५.२. सर्वेक्षणको विधि | २८ |
| | ५.२.१. सर्वेक्षणको नमुना छनोट | २८ |
| | ५.२.२. प्रश्नावली निर्माण | २८ |
| | ५.२.३. तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषण र चित्रण | २९ |
| | ५.३. सर्वेक्षणको नतिजा | ३० |
| | ५.३.१. उत्तरदाताको पृष्ठभूमि र सहभागिता | ३० |
| | ५.३.२. महिलाको आर्थिक सक्रियताको समग्र अवस्था र चुनौतीहरू | ३१ |
| | ५.३.२.१. औपचारिक र अनौपचारिक क्षेत्रहरूमा आर्थिक रूपले सक्रिय महिलाको अनुमानित आँकडा | ३१ |
| | ५.३.२.२. औपचारिक तथा अनौपचारिक क्षेत्रमा आर्थिक रूपले सक्रिय महिलाको कार्यगत विभाजन | ३३ |
| | ५.३.२.३. औपचारिक तथा अनौपचारिक क्षेत्रमा आर्थिक रूपले सक्रिय महिलाले समग्र रूपमा भोग्नु परेको समस्या र त्यसको समाधानमा गाउँपालिकाहरू | ३४ |
| | ५.३.२.४. गाउँपालिकाहरूले समग्रमा महिलाको आर्थिक सशक्तिकरणका लागि विविध प्रयासहरू गर्ने क्रममा आफैले भोगेका समस्या र यसका सम्भावित समाधानहरू | ३६ |

५.३.३. प्राविधिक/व्यावसायिक सिप तथा व्यवसाय दर्ताको अवस्था र चुनौतीहरू ३७
५.३.३.१. गाउँपालिकाहरूमा प्राविधिक/व्यावसायिक सिप हासिल गरेका महिला, र महिलाको नाममा दर्ता भएका व्यवसायको तुलनात्मक विश्लेषण ३७
५.३.३.२. महिलाको प्राविधिक/व्यावसायिक सिपको स्तर बृद्धि-विकासका लागि गाउँपालिकाद्वारा सन्चालित कार्यक्रमको सफलताका आधारमा तुलनात्मक विश्लेषण ३८
५.३.३.३. व्यवसाय दर्तामा महिलाको पहुँच, भएका कार्यक्रम र भविष्यका लागि सुझावहरू ४०
५.३.३.४. गाउँपालिकाहरूले व्यावसायिक/प्राविधिक सिप विकासका लागि विविध प्रयासहरू गर्ने क्रममा आफैले भोगेका समस्या र यसका सम्भावित समाधानहरू ४१
५.३.४. वित्तीय पहुँचको अवस्था र चुनौतीहरू ४२
५.३.४.१. बैंक तथा वित्तीय संस्थाहरूमा आफ्नै नामको खाता भएका महिला र व्यावसायिक ऋण हासिल गर्न सफल महिलाहरूको तुलनात्मक विश्लेष्ण ४२
५.३.४.२.गाउँपालिकाहरूले महिलाको वित्तीय पहुँच बिस्तार र विकासका लागि विभिध प्रयासहरू गर्ने क्रममा आफैले भोगेका समस्या र यसका सम्भावित समाधानहरू ४३
५.३.५. बजेट तथा कार्यक्रममा महिलाको आर्थिक सशक्तिकरण ४४
५.३.५.१. विगतका २ वटा आर्थिक वर्षहरूमा महिलाको आर्थिक सशक्तिकरणका लागि गाउँपालिकाद्वारा विनियोजित बजेट, र लाभान्वित संख्याको तुलनात्मक अध्ययन ४४
५.३.५.२. महिलाको आर्थिक सशक्तिकरणका लागि सङ्घीय, प्रादेशिक सरकार र गाउँपालिकाद्वारा संचालित कार्यक्रमहरू ४६
५.३.५.४. महिलाको आर्थिक सशक्तिकरणका लागि सङ्घीय, प्रादेशिक सरकार र गाउँपालिकाद्वारा संचालित कार्यक्रमहरूलाई थप प्रभावकारी बनाउने उपायहरू ४९
५.३.६. गाउँपालिकाहरूको कानुनमा महिलाको आर्थिक सशक्तिकरण ५०
५.३.६.१. महिलाको आर्थिक सशक्तिकरणका लागि गाउँपालिकाद्वारा हालसम्म प्रकाशन/प्रभावकारी भएका कानुनी दस्तावेजहरूको अनुमानित आँकडा ५१
५.३.६.२. महिलाको आर्थिक सशक्तिकरणका लागि गाउँपालिकाद्वारा हालसम्म प्रकाशन/प्रभावकारी भएका कानुनी दस्तावेजहरूले मुख्य रूपमा समेटेका क्षेत्रहरू ५२
५.३.६.३. दस्तावेजको उद्देश्य प्राप्तिको दृष्टिबाट महिलाको आर्थिक सशक्तिकरणका लागि गाउँपालिकाद्वारा हालसम्म प्रकाशन/प्रभावकारी भएका कानुनी दस्तावेजहरूको प्रभावकारिता ५३

५.३.६.४. महिलाको आर्थिक सशक्तिकरणका लागि गाउँपालिकाद्वारा हालसम्म प्रकाशन/प्रभावकारी भएका कानुनी दस्तावेजहरूलाई थप प्रभावकारि बनाउने सम्भावित उपायहरू ५४

## खण्ड - ३

६. निष्कर्ष ५७
६.१. प्रत्यक्ष आयामहरू ५७
६.१.१. सामूहिक कार्य र नेतृत्व ५७
६.१. २. रोजगारी अर्थात् नियमित तलब पाइने कामहरू ५७
६.१.३. शिक्षा तथा सिप विकाससम्वन्धी तालिमहरू ५८
६.१. ४. सम्पत्ति तथा वित्तीय सेवाहरूमा पहुँच विस्तार ५८
६.१.५. सामाजिक सुरक्षा ५८
६.१.६. प्रत्यक्ष आय आर्जन नहुनेखालका घरायसी कामहरूको सम्मान ५९
६.२. अन्तर्निहित आयामहरू ५९
६.२.१. .आर्थिक नीति ५९
६.२.२. कानूनी प्रवधान ५९
६.२.३. श्रम बजारका चरित्रहरु ६०
६.२.४. लैङ्गिक तथा सामाजिक मूल्य मान्यता ६०
७. सन्दर्भ सामाग्री ६१

## खण्ड - ४

८. अनुसूची ६५
८.१. अनुसूची-१: नमुना छनोट ६५
८.१.१. सर्वेक्षणको लागि लिइएका २० वटा नमुना गाउँपालिकाहरू ६५
८.१.२. सर्वेक्षणको नमुनामा भौगोलिक अवस्थितिको प्रतिनिधित्व ६६
८.१.३. सर्वेक्षणको नमुनामा गाउँपालिकाहरू, महिला र दलित प्रमुखको प्रदेशगत प्रतिनिधित्व ६७

## तालिकाहरू

तालिका-१: महिलाको आर्थिक सशक्तिकरणका प्रत्यक्ष र अन्तर्निहित आयामहरू ११
तालिका-२: विभिन्न आर्थिक वर्षहरूमा लैङ्गिक उत्तरदायी बजेटको अवस्था १९

## सर्वेक्षणबाट प्राप्त आँकडाहरू

आँकडा १: पदको अधारमा उत्तरदाताको विभाजन ३०
आँकडा ३: जात/जातिको आधारमा उत्तरदाताको विभाजन ३०
आँकडा ४: सात प्रदेशहरूमा उत्तरदाताको विभाजन ३०
आँकडा २: लिङ्गको अधारमा उत्तरदाताको विभाजन ३०

आँकडा ५: औपचारिक र अनौपचारिक क्षेत्रहरूमा आर्थिक रूपले सक्रिय महिलाको आँकडा ३२
आँकडा ६: महिलाहरू आर्थिक रूपले सक्रिय भएका अनौपचारिक क्षेत्रहरू ३३
आँकडा ७: महिलाहरू आर्थिक रूपले सक्रिय भएका औपचारिक क्षेत्रहरू ३४
आँकडा ८: आर्थिक रूपले सक्रिय महिलाले भोग्नु परेका समस्या र त्यसमा गाउँपालिकाले गर्दै आएको सहयोग ३५
आँकडा ९: महिलाको आर्थिक सशक्तिकरणमा गाउँपालिका आफैले भोग्दै आएको समस्या र सम्भावित समाधानहरू ३६
आँकडा १०: प्राविधिक/व्यावसायिक सिप हासिल गरेका महिला र महिलाको नाममा दर्ता भएका व्यवसाय ३७
आँकडा ११: प्राविधिक/व्यावसायिक सिप प्रदान गर्ने प्रयासहरू मध्ये सबैभन्दा सफल र असफल कार्यक्रमहरू ३९
आँकडा १२: व्यवसाय दर्तामा महिलाको पहुँच पुर्याउनका लागि हाल सन्चालित र भविष्यमा गर्न सकिने कार्यक्रमहरू ५०
आँकडा १३: महिलाको सिप विकासमा गाउँपालिकाले भोग्दै आएका समस्या र सम्भावित समाधानहरू ४१
आँकडा १४: बैंक तथा वित्तीय संस्थामा महिलाको पहुँचको अवस्था ४२
आँकडा १५: महिलाको वित्तीय पहुँच बिस्तारमा गाउँपालिकाका समस्या र सम्भावित समाधानहरू ४३
आँकडा १६: बजेटमा महिला सशक्तिकरण ४४
आँकडा १७: महिला लक्षित कार्यक्रमका लाभान्वित संख्या ४५
आँकडा १८: महिलाहरूको आर्थिक सक्रियता बृद्धि-विकास गर्न संघीय सरकारद्वारा संचालित कार्यक्रमहरू ४६
आँकडा १९: महिलाहरूको आर्थिक सक्रियता बृद्धि-विकास गर्न प्रादेशिक सरकारद्वारा संचालित कार्यक्रमहरू ४७
आँकडा २०: महिलाहरूको आर्थिक सक्रियता बृद्धि-विकास गर्न गाउँपालिका आफैँद्वारा संचालित कार्यक्रमहरू ४८
आँकडा २१: सङ्घीय, प्रादेशिक सरकार र गाउँपालिकाद्वारा संचालित कार्यक्रमहरूको प्रभावकारिता ४९
आँकडा २२: सङ्घीय, प्रादेशिक सरकार र गाउँपालिकाद्वारा संचालित कार्यक्रमहरूलाई थप प्रभावकारि बनाउने उपायहरू ५०
आँकडा २३: महिलाको आर्थिक सशक्तिकरणका लागि हालसम्म प्रकाशन/प्रभावकारी भएका कानुनी दस्तावेजहरू ५१
आँकडा २४: कानुनी दस्तावेजहरूले मुख्य रूपमा समेटेका क्षेत्रहरू ५२
आँकडा २५: गाउँपालिकाद्वारा लक्षित उद्देश्य हासिल गर्न यी कानुनी दस्तावेजहरूको प्रभावकारिता ५३
आँकडा २६: दस्तावेजहरूको कार्यान्वयन पक्षलाई थप प्रभावकारी बनाउने उपायहरू ५४

# खण्ड – १

## १. परिचय

महिला सशक्तिकरणको विषय अहिले राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा धेरै छलफल हुने गरेको विषय हो। आर्थिक सशक्तिकरण यसको मुख्य मुद्दा वा सवाल हुने गरेको छ। गरिबी निवारण र लैङ्गिक समानताको आधार पनि यही नै हो। सशक्तिकरणले मुख्यरूपमा वित्तीय स्रोत तथा सम्पत्तिमाथिको स्वामित्व र निर्णय लिन पाउने अधिकार तथा सिप विकास र आय आर्जनमा विशेष जोड दिएको पाइन्छ। नेपालको सन्दर्भमा पनि महिला वर्गको आर्थिक सशक्तिकरणभित्र यी नै विषयहरू अर्थात् स्रोत तथा सम्पत्तिमाथिको स्वामित्व र निर्णय लिन पाउने अधिकार तथा सिप विकास र आय आर्जन नै महत्त्वपूर्ण छन्। तर ज्ञान र सिपको कमी, धेरैजसो मौद्रिक मूल्यमा गणना नहुने अनौपचारिक आर्थिक क्षेत्र, जस्तैः परम्परागत कृषि तथा घरायसी कामहरूमा नै सीमित हुनपर्ने अवस्था महिलाहरूमा छ। हालको अवस्थामा कोभिड १९ को विश्वव्यापी महामारीले अन्य क्षेत्र जस्तै महिला आर्थिक सशक्तिकरणका पक्षमा पनि थप समस्या सिर्जना गरेको देखिन्छ।

नेपालको संविधान २०७२ ले महिलाको आर्थिक, सामाजिक र राजनीतिक सशक्तिकरणका लागि विभिन्न प्रावधानहरू राखेको छ। जस अनुरूप नेपाल सरकारबाट ऐन, नीति नियमहरूको तर्जुमा भएका छन्। संस्थागत तथा नीतिगत व्यवस्थाका लागि केन्द्र (सङ्घीय स्तर) मा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको व्यवस्था छ। जसले महिलाहरूको सर्वाङ्गीण विकासको लागि नीति नियमहरूको तर्जुमा, कार्यान्वयन र अनुगमनको स्वरूप वा प्रणाली निर्माण गर्दछ। प्रदेशस्तरमा सामाजिक विकास मन्त्रालयको व्यवस्था छ जसले प्रत्यक्षरूपमा महिलाहरूको आर्थिक सामाजिक विकास सम्वन्धी नीति नियमहरूको तर्जुमा र तिनको कार्यान्वयन गर्दछ। नगर/गाउँपालिकास्तरमा महिला विकास सम्वन्धी नीति नियमहरू तर्जुमा, तिनीहरूको कार्यान्वयनको व्यवस्था छ र महिला तथा बालबालिकाका विषयहरूलाई सम्बोधन गर्ने छुट्टै शाखाको प्रावधान छ। यसरी सरकारका तिनैवटा तहबाट महिलाहरूको आर्थिक तथा सामाजिक विकासका लागि विभिन्न प्रयासहरू भएको पाइन्छ।

यसै परिप्रेक्ष्यमा, महिला आर्थिक सशक्तिकरणका लागि संघ, प्रदेश र पालिका (स्थानीय) तहमा विद्यमान कानुन, नीतिहरु वा दस्तावेजहरु के कस्ता छन्? यिनीहरुले कस्ता बिषय समेटेका छन्?, गाउँपालिकाको तहमा औपचारिक तथा अनौपचारिक क्षेत्रमा काम गर्ने महिलाको अवस्था कस्तो छ?, कुन कुन क्षेत्रमा उनीहरूको सहभागिता छ?, आर्थिक विकास अर्थात् आय आर्जनका पक्षमा के कस्ता चुनौतीहरू छन्?, र तिनको समाधानको लागि गाउँपालिकाहरूले गरेका प्रयासहरू

के के छन्?, अभाव के छ?, हाल भैरहेका प्रयासहरूमा कुन कुन बढी प्रभावकारी देखिएका छन्?, तिनलाई अझ प्रभावकारी बनाउन पालिकाले नीतिगत तथा कार्यान्वयनको पक्षमा के कस्ता सुधारहरू गर्नुपर्ने हुनसक्छ?, भन्ने विषयमा केन्द्रित रही यो अध्ययन सम्पन्न गरिएको छ। साथै पालिकास्तरमा देखिएका वा अनुभव गरिएका महिलाको आर्थिक सशक्तिकरणका प्रमुख मुद्दाहरू के के छन्?, चुनौतीहरू के के छन् ? र अबको कार्यदिशा के हुनुपर्दछ?, भन्ने कुराको निष्कर्ष खोज्ने प्रयास गरिएको छ।

यस अनुसन्धानका लागि स्रोत सामग्रीको अध्ययन विधिबाट महिला आर्थिक सशक्तिकरण सम्बन्धी विविध बिषयहरूको पुनरावलोकन, अध्ययन गरिएको छ । त्यस्तै यस क्षेत्रको कार्यान्वयन पक्षको, वस्तुस्थिति, सबल र सुधार गर्नुपर्ने क्षेत्रको समेत पहिचान गर्ने उद्देश्यले एक गाउँपालिकास्तरीय सर्वेक्षण पनि सम्पन्न गरिएको छ। यसका लागि ३८ वटा प्रश्नावलीहरु तयार गरी र देशभरका सातै प्रदेशहरूबाट छनोट गरिएका २० वटा गाउँपालिकाहरूको प्रत्यक्ष धारणालाई संकलन गरिएको छ। साथै तिनलाई विश्लेषण गरी अध्ययनको विषयको निष्कर्ष खोज्ने प्रयास समेत गरिएको छ।

प्रस्तुत अध्ययनको पहिलो खण्डमा, प्राप्त सामग्रीहरूको अध्ययनको आधारमा महिला आर्थिक सशक्तिकरणको पृष्ठभूमि, अवधारणा, आयामहरू, संवैधानिक तथा नीतिगत प्रावधानहरू र गाउँपालिकाको भूमिकाका बारेमा केही विषयहरू उल्लेख गरिएका छन्। अधयनको उद्देश्य, विधि, सीमितता आदि विषयहरूको बारेमा स्पष्ट पार्ने प्रयास गरिएको छ । दोस्रो खण्डमा गाउँपालिकास्तरीय सर्वेक्षण सम्बन्धी बिषयहरू र तेस्रो खण्डमा अध्ययनका निष्कर्षहरू, समीक्षा तथा अध्ययनमा प्रयोग भएका सन्दर्भ सामग्रीहरु प्रस्तुत गरिएको छ। सर्वेक्षणका लागि छनोट गरिएका पालिकाहरूको विवरण आदिलाई अनुसूचीको रुपमा चौथो खण्डमा राखिएको छ। यस अध्ययनले महिला अर्थिक सशक्तिकरणको सवालमा गाउँपालिहरूको विद्यमान अवस्था र प्रयासहरूको केही हदसम्म चित्रण गर्न सफल भएको विश्वास गरिएको छ।

## १.१. अध्ययनको उद्देश्य

**यस अध्ययनका उद्देश्यहरु निम्नानुसार रहेका छन् :**

- महिलाहरूको आर्थिक सशक्तिकरणको क्षेत्रमा मौजुदा कानुनले व्यवस्था गरेका विषयहरूको पुनराबलोकन, मूल्याङ्कन गर्ने।
- यस क्षेत्रमा भएका विविध चुनौती र मुद्दाहरूको खोजी गर्ने।

- स्थानीय सरकारद्वारा महिलाहरूको आर्थिक सशक्तिकरणको निम्ति चालिएका विभिन्न अभियान/कार्यक्रमहरूमा सुधार गर्नुपर्ने कुराहरूको खोजी गर्ने, छलफल गर्ने तथा आवश्यक सुझावहरू दिने वा पृष्ठपोषण गर्ने ।

## १.२. अध्ययनको सीमितता

- यस अध्ययन नेपालको भौगोलिक सिमाभित्र मात्रै सीमित छ र यसले नेपालको महिला आर्थिक सशक्तिकरणका विषयलाई समेट्ने प्रयास गरेको छ ।
- यस अध्ययनले महिलाहरूको सशक्तिकरणका विविध आयामहरू मध्ये आर्थिक सशक्तिकरणलाई मात्र समेट्दछ । आर्थिक सशक्तिकरण भित्र पनि महिलाहरूको जीविकोपार्जन र उद्यमशीलतामा यो अध्ययन, अझ बढी केन्द्रित छ ।
- यस अध्ययन अन्तर्गत सम्पन्न सर्वेक्षणले उत्तरदाताको रूपमा गाउँपालिकाहरूलाई मात्रै लिएको छ, त्यसैले यसमा स्थानीय लाभान्वित महिलाहरूको धारणा समेटिएको छैन ।
- सर्वेक्षणको लागि लिइएको उत्तरदाताको संख्या सानो (२० वटा गाउँपालिकाहरू) भएको हुँदा यसबाट आएका नतिजा पनि बढी जसो संकेतात्मक हुन सक्छन् ।
- त्यस्तै उद्देश्य नमुना छनोट विधि प्रयोग गरिएको हुँदा यसबाट आएको नतिजालाई सबै परिवेशमा सामान्यीकरण गर्न सम्भव नहुन सक्छ ।
- यस अध्ययनमा महिलाको आर्थिक सशक्तिकरणको क्षेत्रमा प्राप्त विविध सन्धर्भ सामग्रीहरुलाई समेट्ने प्रयास गरिएको छ । यी दस्तावेजहरुको सुक्ष्म समिक्षा र बिश्लेषण्लाई भने यस अध्ययनले समेट्न सकेको छैन ।

## १.३. अध्ययनको विधि

“नेपाली महिलाको आर्थिक सशक्तिकरण; मुद्दा, चुनौती र आगामी बाटो-अध्ययन २०७८” लाई सम्पन्न गर्न ऐन, नीति नियम दस्तावेज आदि स्रोत सामग्रीहरुको पुनरावलोकन, अध्ययन(गुणात्मक) र उदेश्यगत नमुना छनोट विधि (संख्यात्मक) दुवै विधिहरूको प्रयोग गरिएको छ । स्रोत सामग्रीहरुको अध्ययन विधि अन्तर्गत, यस अध्ययनको उदेश्य अनुरूप नेपालका सङ्घीय, प्रादेशिक र स्थानीय सरकारद्वारा निर्धारित योजना, नीति, ऐन, कार्यविधि तथा अन्य प्रकाशनहरूको पुनरावलोकन ,अध्ययन गरि सोको समीक्षा गरिएको छ । यसैगरी संख्यात्मक विधि अन्तर्गत छनोट गरिएका गाउँपालिकाहरूसँग त्यहाँका महिलाहरूको

आर्थिक सशक्तिकरणको वास्तविक अवस्था, र यस क्षेत्रमा लक्षित गरिएका विविध नीति तथा कार्यक्रमहरूको कार्यान्वयनमा भएका प्रयोगात्मक चुनौतीहरूलाई उनीहरूमार्फत् नै प्रत्यक्ष बुझ्ने उद्देश्यका साथ प्राथमिक अध्ययन विधिद्वारा एक सर्वेक्षण सम्पन्न गरिएको छ । सर्वेक्षणको लागि सर्वप्रथम नेपालभरका २० वटा गाउँपालिकाहरुलाई अनुपातिक विश्लेशण विधिबाट छनोट गरिएको छ । यसैगरि प्राप्त नतिजाहरुको बैधतालाई प्रत्याभूत गर्नका लागि गाउँपालिका प्रमुख, उपप्रमुख, वा प्रशासनिक अधिकृत मध्येमा कोही एक पद धारण गरेका व्यक्तिलाई यस अध्ययनको उत्तरदाताको रुपमा लिईएको छ । अनलाईन र टेलिफोन माध्यमबाट जवाफहरु सङ्कलन गरिएको हुदा सम्भावित त्रुटीहरु कम हुन् भन्ने उद्देश्यले सर्वेक्षणका लागि संरचित प्रश्नावालीहरुको प्रयोग गरिएको छ भने यसरी प्राप्त तथ्याङ्कहरूको प्रशोधन गरी वर्णानात्मक विश्लेषण गरिएको छ । अन्त्यमा यी दुवै विधिबाट प्राप्त नतिजाहरूको समीक्षा गर्दै नेपाली महिलाहरूको आर्थिक सशक्तिकरणको क्षेत्रमा भएका वास्तविक प्रयोगात्मक चुनौतीहरूको पहिचान र आगामी दिनमा गाउँपालिकाहरूले अपनाउनु पर्ने उपायहरू समेत स्पष्ट पारिएको छ ।

## २. महिलाको आर्थिक सशक्तिकरणको पृष्ठभूमि

मानव सृष्टि र सभ्यताको विकासमा महिला र पुरुष दुवैको उत्तिकै महत्त्वपूर्ण स्थान रहेको छ । त्यसैले दुवैको समान सहभागितालाई सुनिश्चित गर्न विगत लामो समयदेखि विभिन्न प्रयासहरू गरिएका पाइन्छन् । नेपालको सन्दर्भमा पनि महिलाहरुको आर्थिक सशक्तिकरणका पक्षमा विभिन्न समयखण्डमा विभिन्न प्रयासहरु भएका छन् । सन् १९५६ मा तत्कालीन पञ्चायत तथा स्थानीय विकास मन्त्रालय अन्तरगत महिला प्रशिक्षण केन्द्र स्थापना भएको पाइन्छ र यसले घरायसी आर्थिक क्रियाकलापहरू सम्वन्धी तालिमहरू प्रदान गरेको देखिन्छ ।

यसै क्रममा सन् १९७० को सुरुवातमा विकासमा महिलाहरू भन्ने अवधारण ल्याइएको पाइन्छ । यस अवधारणले परम्परागत मान्यताहरू, परम्परागत कृषि तथा घरायसी कामबाट महिलाहरुलाई आधुनिकीकरणतर्फ उन्मुख गराउन मद्दत गरेको देखिन्छ । यसले विकासका कार्यहरूमा पुरुष र महिला दुवैको उत्तिकै महत्व रहेको विषय साथै महिलाहरूको गुणस्तरीय जीवन शिक्षा, स्वास्थ, ज्याला आदिमा समेत जोड दिएको छ । त्यसपछि सन् १९७० कै अन्त्यतिर उस्तै उस्तै रूपमा महिला र विकास भन्ने अवधारण जन्मेको देखिन्छ । यसले महिलाहरूलाई आर्थिक विकासका क्रियाकलापहरूमा सक्रियरूपमा सहभागी गराउने कुरामा नै जोड दिएको पाईन्छ ।

त्यसरी नै महिलाहरूको आर्थिक तथा सामाजिक विकासको अर्को प्रयास विकासमा लैङ्गिक

सहभागिता हो । यो मान्यता १९८० को दशकमा आएको देखिन्छ । यसले विकासमा महिला र पुरुष दुवैको अन्तरसम्वन्ध र भूमिकालाई उल्लेख गर्न खोजेको छ र महिला, पुरुष सामाजिक विकासमा एक अर्काका परिपूरक भएको र दुवैको सामूहिक सहभागितामा मात्र विकासका कार्यक्रमहरू प्रभावकारी हुनसक्ने कुरालाई बिशेष महत्व दिएको देखिन्छ (International Development and Research Center, 1989) ।

प्रस्तुत प्रयासहरूले महिलालाई पनि परिवर्तनको बाहकको रूपमा अङ्गीकार गरेका छन् र महिलाहरूलाई हेर्ने दृष्टिकोण, महिलाहरूको विकासमा भएका कानुनी अड्चनहरू, परम्परागत सोच, स्रोतहरू माथिको पहुँचको सीमितता, अशिक्षा, स्वास्थ समस्या, कुपोषण जस्ता समस्याहरूबाट माथि उठ्न मद्दत पुर्याएका छन् ।

महिला सशक्तिकरणको सन्दर्भमा १८ डिसेम्वर १९७९ मा अमेरिकाको न्यूयोर्कमा सम्पन्न महिलाहरू माथि हुने सबै किसिमका विभेदहरूको अन्त्यका लागि भएको महासम्मेलन The Convention on the Elimination of all Forms of Discrimination against Women (CEDAW) को पनि महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । जसलाई संयुक्त राष्ट्रसंघको महासभाले पनि अंगिकार गरेको थियो । यस सम्मेलनले महिलाहरू माथि हुने विभेद र हिंसालाई न्यूनीकरण गर्न ठूलो योगदान पुर्याउनुका साथै सामाजिक, आर्थिक, राजनीतिक क्षेत्रमा अगाडि बढ्न महिलाहरूलाई अवसर प्रदान गरेको र लैङ्गिक समानता र स्वतन्त्रताको पक्षमा जोड दिएको छ ।

छैठौं पञ्चवर्षीय योजना (वि.सं.२०३७ देखि २०४२) मा पहिलोपटक विकास कार्यमा महिला सहभागिता प्रवर्धन गर्ने छुट्टै नीति समावेश गरिएको देखिन्छ । त्यसैगरी महिलाहरुको आर्थिक विकासका सन्दर्भमा वि.सं.२०३६ देखि २०३८ मा नेपालमा महिलाहरुको मर्यादास्तरको विषयमा अध्ययन गरी नेपाल सरकारलाई प्रतिवेदन बुझाइएको देखिन्छ । सो प्रतिवेदन अनुसार २०३८ मा स्थानीय विकास मन्त्रालय अन्तरगत महिला विकास शाखा स्थापना भएको देखिन्छ । साथै युनिसेफको आर्थिक सहयोगमा धादिङ्ग,स्याङ्गजा,तनहुँ,नवलपरासी र सुर्खेतमा ग्रामीण महिलाहरुका लागि उत्पादन ऋण व्यवस्था कार्यक्रम (Production Credit for Rural Women-PCRW) सञ्चालन भएको देखिन्छ । महिला आर्थिक सशक्तिकरणको सिलसिलामा यो प्रयास पनि महत्वपूर्ण देखिन्छ (राष्ट्रिय सहकारी विकास बोर्ड, २०७७) ।

त्यसैगरी, सन् १९९५ को सेप्टेम्वरमा चीनको बेजिङ्गमा सम्पन्न महिलाहरूको विश्व सम्मेलन महिलाहरूको आर्थिक तथा सामाजिक सशक्तिकरणको अर्को महत्त्वपूर्ण शृंखला हो । यसले

लैङ्गिक समानता साथै महिलाहरूको गरिबी निवारण, स्वास्थ, शिक्षा, तालिम, हिंसा न्यूनीकरण, मानव अधिकार, वातावरण संरक्षणजस्ता बाह्रवटा महत्त्वपूर्ण विषयमा जोड दिएको छ। (United Nations, 1995) जसमा आर्थिक विकासमा महिला भन्ने विषय पनि समावेश भएको छ। यसले आर्थिक क्रियाकलापहरूमा महिलाको सहभागिता र आवश्यक ज्ञान सिपको हस्तान्तरण समेतमा ठूलो योगदान पुर्‍याएको छ।

सन् २००० मा सञ्चालन भएको महिला जागृति आय आर्जनआर्जन कार्यक्रमले पनि महिला आर्थिक सशक्तिकरणमा टेवा पुर्‍याएको छ। यो कार्यक्रम तत्कालीन ७५ वटा जिल्लाका ९४२ गाउँ विकास समितिहरुमा (गा.वि.स.) सञ्चालन गरिएको थियो साथै ५ वर्ष भित्रमा सबै गा.वि.स.मा पुर्‍याउने लक्ष्य राखिएको थियो। महिलाहरुको आय आर्जनमा नै यस कार्यक्रमको मुख्य जोड रहेको थियो। ("Study the Effectiveness of Programmes Targeted to Women ( Final Report)," 2003।

संयुक्त राष्टसंघले अंगीकार गरेको सहश्राब्दी विकास लक्ष्य (सन् २००० देखि २०१५ सम्म ) लाई नेपालले पनि प्रतिवद्धता जनाएको थियो। यसको मुख्य लक्ष्य गरिबी निवारण र सामाजिक विकास रहेको थियो। सोही अनुसार नेपालले पनि आवश्यक रणनीतिहरु निर्माण गरेको थियो। यसका मुख्य आठवटा लक्ष्यक्रम मध्ये तेस्रो लक्ष्यक्रममा लैङ्गिक समानताको कुरा उल्लेख गरिएको थियो। जसको कार्यान्वयन पछिको नतिजाले देखाए अनुसार मुख्य रुपमा मुख्य रुपमा गैर कृषि क्षेत्रको महिलाहरुको वेतनयुक्त रोजगारी उल्लेख्यरुपमा बढेको (२००० मा १७.७ प्रतिशत रहेकोमा २०१५ मा ४४.८ पुगेको) देखाइएको छ। त्यसैगरी प्राथमिक विध्यालय स्तरमा धैरे महिलाहरु शिक्षिकाको रुपमा आवद्ध भएको निजामती सेवामा महिलाहरुको सहभागिता दोब्बर भएको र प्रहरी सेना र बैदेशिक रोजगारमिा पनि महिलाहरुको सहभागिता बढेको पाइन्छ। यसबाट महिला आर्थिक सशक्तिकरणको सवालमा सहश्राब्दी विकास लक्ष्यले ठूलो योगदान पुर्‍याएको स्पष्ट हुन्छ (National Review of Sustainable Development Goals, n.d.)।

नेपालले संयुक्त राष्टसंघका सदस्य राष्टको सामुहिक प्रयास र प्रतिवद्धताको आधारमा २०१५ सेप्टेम्बरमा घोषणा गरिएको दिगो विकास लक्ष्यलाई आफ्ना आवधिक तथा वार्षिक योजनामा राखी कार्यान्वयन गर्ने प्रतिवद्धता जनाएको छ र चौधौं योजना देखि नै लक्ष्यलाई आन्तरिकीकरण गरेको छ। यस एजेण्डामा हरेक महिला र बालिकाहरूले पूर्ण लैंङ्गिक अधिकारको उपयोग गर्नेछन् भन्ने कुरा गरिनुका साथै महिलाहरूलाई आर्थिक स्रोतहरूमा समान अधिकार, जमिन र अन्य सम्पत्तिमा पहुँच साथै राष्ट्रिय कानुन अनुसार वित्तीय सेवा तथा प्राकृतिक स्रोतहरूमा पनि

उनीहरूको पहुँच विस्तार गरिने कुरा समेत उल्लेख गरिएका छन् (नेपाल सरकार, राष्ट्रिय योजना आयोग, २०७७)।

त्यसरी नै महिलाहरूको आर्थिक सामाजिक लगायत महिला सशक्तिकरणका लागि विश्वव्यापी अभियान सञ्चालन गर्न सन् २०१० जुलाईमा यु अन् वोमनको (UN Women) स्थापना भएको छ । नेपालमा सन् २०१२ कार्यालय स्थापना भई विभिन्न कार्यक्रमहरु सञ्चालन भइरहेका छन् । यसले मुख्यरुपमा सुशासन,नेतृत्व विकास र आर्थिक सशक्तिकरणमा जोड दिएको छ । महिलाको सर्वाङ्गीण विकासका लागि यो पनि अर्को महत्त्वपूर्ण उपलब्धि हो । महिला सशक्तिकरणका यस्ता विश्वब्यापी प्रयासहरूलाई नेपालले पनि आत्मसात गरेको छ र सोही अनुसार नीतिहरूको निर्माण र कार्यान्वयय भै रहेको अवस्था छ (UN Women Nepal, n.d.)।

नेपालको महिला आर्थिक सशक्तिकरणमा सहकारी क्षेत्रले पनि ठूलो योगदान पुर्याएको देखिन्छ। वि.सं.२०१३ साल चैत्रमा चितवन जिल्लाको बखान सहकारी संस्थाको दर्ता र सञ्चालनबाट नेपालमा आधुनिक सरकारीको संस्थागत सुरुवात भएको देखिन्छ। नेपालको संविधान २०७२ को धारा ५० को उपधारा ३ मा सार्वजनिक निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आथिृक वृद्धि हाँसिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलव्धिहरुको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको उद्देश्य हुने कुरा उल्लेख छ । जस अनुसार सहकारीको विकास उल्लेख्य रुपमा भएको देखिन्छ । सहकारी विभागबाट २०७७ मा प्रकाशित तथ्यांक अनुसार नेपालमा कुल सहकारी संस्थाहरु २९,८८६ र सदस्य संख्या ७३,०७,४६२ रहेको छ । जसमध्ये ४०,९२,३९५ अर्थात कुल सदस्य संख्याको ५६ प्रतिशत सदस्य महिलाहरु रहेका छन्। ती महिला सदस्यहरुबाट अरबौं रुपैया बचत संकलन हुनुका साथै सो बचतको परिचालन पनि भएको छ। जसबाट महिलाहरुलाई आर्थिक उपार्जनका काम गर्न आम्दानी बढाउन र ऋणबाट मुक्त हुन ठूलो टेवा पुगेको छ (राष्ट्रिय सहकारी विकास बोर्ड, २०७७)।

## ३. महिलाको आर्थिक सशक्तिकरणको अवधारणा

आर्थिक सशक्तिकरणको कुनै एउटा निश्चित परिभाषा भेटिंदैन । यसलाई विभिन्न तरिकाले परिभाषित गर्ने गरिएको पाइन्छ । यु.एन्. वोमनका अनुसार घरायसी तहदेखि अन्तराष्ट्रिय

तहसम्म समान सहभागिता गर्नसक्ने क्षमता,उचित कामहरुमा पहुँच,समय शरीर र जीवनमा आफ्नो नियन्त्रण र आर्थिक विषयहरुमा निर्णय लिन पाउने अधिकारलाई आर्थिक सशक्तिकरण भनिएको छ।

अर्को एक अवधारण अनुसार महिला आर्थिक सशक्तिकरणले आर्थिक स्रोत सम्पत्तिबाट फाइदा लिन पाउने महिलाहरूको अधिकारको सुरक्षा तथा ती माथिको नियन्त्रण साथै वित्तीय चुनौतीहरूको व्यवस्थापन गर्न सक्ने क्षमता तथा उनीहरूको आर्थिक स्तर र सम्पन्नतालाई बुझाउँछ (Oxfam's Conceptual Framework on Women's Economic Empowerment, 2017)।

त्यसरी नै महिला आर्थिक सशक्तिकरणका सन्दर्भमा भनिएको छ "महिलाहरूको आर्थिक स्रोतहरूमा समान अधिकार, जमिन र अन्य सम्पत्तिमा पहूँच साथै राष्ट्रिय कानुन अनुसार वित्तीय सेवा तथा प्राकृतिक स्रोतहरूमा पनि उनीहरूको पहुँच विस्तार गरिने कुरा आर्थिक सशक्तिकरण हो" (United Nations Department of Economic and Social Affairs, n.d.)।

उक्त परिभाषाहरुको आधारमा महिलाहरूको वित्तीय स्रोतहरूमा पहुँच पुग्नु, वित्तीय अवसरहरू प्राप्त गर्नु,त्यसको बारेमा उनीहरूले निर्णय गर्न र उपभोग गर्न पाउनु नै महिला आर्थिक सशक्तिकरण हो भन्ने बुझ्न सकिन्छ।

## ३.१.महिला आर्थिक सशक्तिकरणका आयामहरू

सशक्तिकरणका प्रक्रियाहरुहरुलाई मापन गर्ने विभिन्न कोणहरु वा आयामहरू छन्। महिला सशक्तिकरणका आयामहरुलाई विभिन्न तरिकाले प्रस्तुत गर्ने गरेको पाइन्छ। अध्ययनका क्रममा पनि प्राप्त केही प्रतिवेदनहरुको अध्ययन गरियो। जसले महिला आर्थिक सशक्तिकरणका आयामहरुलाई प्रस्तुत गरेका थिए। ती मध्ये ILO को ढाँचा (WED Assessment Guide, ILO, 2013) र गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको लघु उद्यम विकासका चरणहरु पनि उपयुक्त नै थिए। तथापि अध्ययन कार्यदलले Overseas Development Institute, ले तल तालिका १ अनुसारको आयामलाई नै प्रस्तुत गर्ने निर्णय गर्यो,किनभने यो आयाम यस अध्ययनको उद्देश्य विधि र क्षेत्रसंग नजिकको अर्थात मिल्दोजुल्दो पाइयो। यस बाहेक महिला आर्थिक सशक्तिकरणको वास्तविक आयाम यही नै भन्ने स्पष्ट तोकिएको नपनाइएकोले पनि हामीलाई कुनै एउटा छनोट गर्नुपर्ने अवस्था थियो। यसो भए तापनि प्रस्तुत आयामभित्र महिला उद्यमशीलताभित्र भएका केही विषयहरु, जस्तै: व्यावसायिक सीप,व्यावसायिक ऋण,व्यवसाय दर्ता आदि सर्वेक्षणमा समेटिएका छन्।

महिला सशक्तिकरणमा सकारात्मक वा नकारात्मक दुवै किसिमको असर पार्न सक्ने केही आयामहरू छन् । (Overseas Development Institute, n.d.) यी आयामहरूलाई अन्तर्निहित र प्रत्यक्ष गरेर गरेर दुई प्रकारमा विभाजन गरेको पाइन्छ । जस अनुसार आर्थिक नीति, कानुनी प्रावधान, श्रम बजारका चरित्रहरू, लैङ्गिक तथा सामाजिक मूल्य मान्यता अन्तर्निहित आयामहरूमा पर्दछन् भने सामूहिक कार्य र नेतृत्व, रोजगारी अर्थात् नियमित तलब पाइने कामहरू, शिक्षा तथा सिप विकास सम्वन्धी तालिमहरू, सम्पत्ति तथा वित्तीय सेवाहरूमा पहुँच विस्तार, सामाजिक सुरक्षा र प्रत्यक्ष आय आर्जन नहुनेखालका घरायसी कामहरूको सम्मान जस्ता विषयहरू प्रत्यक्ष आयामहरूमा पर्दछन् । यी सबै पक्षहरूको विकासबाट मात्र महिला सशक्तिकरणको लक्ष्य पूरा हुन सक्दछ ।

**तालिका-१: महिलाको आर्थिक सशक्तिकरणका प्रत्यक्ष र अन्तर्निहित आयामहरू**

| | |
|---|---|
| प्रत्यक्ष आयामहरू | सामूहिक कार्य र नेतृत्व |
| | रोजगारी अर्थात् नियमित तलब पाइने कामहरू |
| | शिक्षा तथा सिप विकाससम्वन्धी तालिमहरू |
| | सम्पत्ति तथा वित्तीय सेवाहरूमा पहुँच विस्तार |
| | सामाजिक सुरक्षा |
| | प्रत्यक्ष आय आर्जन नहुनेखालका घरायसी कामहरूको सम्मान |
| अन्तर्निहित आयामहरू | आर्थिक नीति |
| | कानुनी प्रावधान |
| | श्रम बजारका चरित्रहरू |
| | लैङ्गिक तथा सामाजिक मूल्य मान्यता |

सशक्तिकरण, व्यक्तिगत तथा सामाजिक परिवर्तनको एउटा प्रक्रिया हो । यो सामाजिक विकासका सबै क्षेत्रहरूमा एक अर्कासँग प्रत्यक्ष वा अप्रत्यक्षरूपमा अन्तरसम्वन्धित हुन्छ । सामूहिक नेतृत्वको विकासले ज्ञान, सिपहरू तथा स्रोतहरू माथिको पहुँच विस्तार गर्दछ, स्रोतहरू माथिको पहुँच विस्तारबाट आर्थिक उन्नतिका अवसरहरू वृद्धि हुन्छन् । आर्थिक अवसरले सम्पत्ति माथिको स्वामित्व र त्यसको निर्णय गर्ने अधिकारलाई प्रबर्द्धन गर्दछ । रोजगारीका अवसरहरूको वृद्धिले आर्थिक उन्नति नहुने खालका परम्परागत कृषि तथा घरायसी कामबाट छुटकारा दिन्छ । यी सबै अवसरहरूले सामाजिक सुरक्षामा टेवा पुर्याउँछ र अन्ततोगत्वा सशक्तिकरण संभव हुन्छ ।

त्यसैले महिला आर्थिक सशक्तिकरणका लागि सबै कोण वा आयाम अर्थात् विषयक्षेत्रहरूलाई समान रूपमा सम्वोधन गर्नुपर्दछ ।

गरिबी अर्थात् परनिर्भरता सशक्तिकरणको प्रमुख वाधकतत्व अर्थात् समस्याको रूपमा बुझ्ने गरिन्छ । यसले महिलालाई हेर्ने दृष्टिकोणमा नकारात्मक प्रभाव पार्दछ । गरिबीले गर्दा अवसरहरूबाट वञ्चित हुने, शोषण हुने, उपेक्षित हुने, शारीरिक तथा मानसिक हिसाबले कमजोर हुने, हेपिइने जस्ता अवस्थाहरू सिर्जना गर्दछ । आर्थिक अभावले गर्दा ज्ञान, सिप र क्षमताहरूमा पहुँच पुग्न सक्दैन र रोजगारीका राम्रा अवसरहरू गुम्दछन् । सामाजिक असुरक्षाको भावना विकास हुन्छ । त्यसैले वित्तीय पहुँच विस्तार,आय आर्जन वा उद्यमशीलताका क्षेत्रमा अधिकतम सहभागिताको सुनिश्चितता महिला आर्थिक सशक्तिकरणका लागि सम्वोधन गर्नुपर्ने अझ महत्त्वपूर्ण पक्ष हुन् ।

## ४. नेपालमा महिला आर्थिक सशक्तिकरणको अवस्था

नेपाली समाज सदिऔंदेखि पितृसत्तात्मक सोच र व्यवहारबाट सञ्चालित हुँदै आएको देखिन्छ । जहाँ परिवारका मुख्य मालिक बाबु नै हुन्छन् र आर्थिक सामाजिक अवसरहरू,पारिवारिक निर्णय तथा अधिकारहरूमा महिलाहरू धेरै पछाडि पारिएका छन् । यसका मुख्य कारक तत्वहरूमा जात, वर्ण, धर्म, भौगोलिक अवस्थिति आदि मुख्य मानिन्छन् । महिलाहरूको आर्थिक सशक्तिकरणविना परिवार, समाज र देशको विकास संभव देखिंदैन ।

नेपालका महिलाहरूको आर्थिक तथा सामाजिक अवस्था कमजोर देखिन्छ । आर्थिक विकासका काममा अर्थात् सन्चालित विभिन्न ब्यबसायमा काम गर्ने श्रमिकहरु मद्धे करिब ४० प्रतिशत मात्र महिलाहरू छन् । धेरैजसो महिलाहरू भने अझै सानातिना घरायसी काममा र जीविकामुखी कृषिमा नै अल्झिएका छन् (महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, २०७७) । त्यसैले महिलाहरूको आर्थिक सशक्तिकरणका लागि आर्थिक क्रियाकलापहरूमा महिलाहरूको सहभागिता वृद्धि गर्नु र उनीहरूको आम्दानी बढाउनु जरुरी छ । वित्तीय सेवाहरूमा महिलाहरूको पहुँच विकास, ज्ञान र सिपको विस्तार तथा उद्यमशीलता प्रबर्द्धन आम्दानी वृद्धि तथा आर्थिक सशक्तिकरणका प्रमुख माध्यमहरु हुन् ।

देशको आर्थिक विकास अझ विशेष गरी महिलाहरूको लागि आर्थिक अवसरहरू विस्तार गर्ने पक्षमा नेपालले धेरै समस्याहरू झेलिरहेको अवस्था छ । शिक्षा तथा आर्थिक अवसरहरूमाथि महिलाहरूको पहुँचको अवस्था कमजोर नै देखिन्छ (महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, २०७४) ।

लैङ्गिक असमानता, परम्परागत सोच र संस्कारले गर्दा आर्थिक क्रियाकलापहरूमा महिलाहरूको पहुँच तथा सहभागिता, सम्पत्तिमाथिको स्वामित्व, त्यसको निर्णय लिने अधिकारको अवस्था पनि कमजोर छ (नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, n.d.)। जसले गर्दा काम गर्न सक्ने उमेरका महिलाहरू पनि जीविकामुखी कृषि, बालबच्चाको स्याहारसुसार जस्ता घरायसी काममा खुम्चिन बाध्य छन्। रोजगारी तथा उद्यमशीलता सम्वन्धी ज्ञान र सिपको पनि अभाव छ। अहिलेको कोभिड १९ को महामारीले समेत महिलाहरूको आम्दानी वृद्धिमा झन् समस्या पारिरहेको अवस्था छ।

महिलाहरूको सामाजिक तथा आर्थिक विकासको लागि नेपालको संविधान २०७२ ले विशेष जोड दिएको छ। उक्त संवैधानिक अवसरको प्रत्यभूतिको लागि संघीय राज्य प्रणाली अन्तरगतका तीनवटा तह, संघ प्रदेश र स्थानीय तहमध्ये तल्लो निकाय स्थानीय तह अर्थात् पालिकाहरूको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ। वित्तीय स्रोतहरुमा महिलाहरूको पहुँच विस्तार, ज्ञान र सिपको अभिवृद्धि र उद्यमशीलता तथा रोजगारीका अवसरहरुको विकास पलिकाहरुले पुर्याउन सक्ने महिला आर्थिक सशक्तिकरणका मुख्य क्षेत्र हुन्। त्यसका लागि नीतिगत प्रावधानहरु पनि छन्। हाल भैरहेका नीतिगत व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन साथै अन्य आवश्यक नीति नियमहरूको तर्जुमाबाट गाउँपालिकाहरूले महिलाहरूको सशक्तिकरणमा ठूलो टेवा पुर्याउन सक्दछन्।

## ४.१. संवैधानिक प्रावधान

संविधान देशको मूल कानून हो। महिला आर्थिक सशक्तिकरणका लागि संविधानमा उल्लेख भएका प्रावधानहरु महत्वपूर्ण छन्। यस सन्दर्भमा २०४६ सालको राजनीतिक परिवर्तन पछि बनेको पहिलो संविधान नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११ मा समानताको हक अन्तरगत वर्ण लिङ्ग जात जातिको आधारमा भेदभाव नगरिने समान कामको लागि समान पारिश्रमिकका लागि विशेष व्यवस्था गर्न कानुनले वाधा नपार्ने कुरा उल्लेख गरिएको थियो। यी संवैधानिक प्रावधानहरू महिला आर्थिक सशक्तिकरणका लागि महत्त्वपूर्ण थिए।

त्यसरी नै नेपालको अन्तरिम संविधान २०६३ को धारा २० मा महिलाहरुको अधिकार पैत्रिक सम्पत्तिमा छोरा छोरीलाई समान हक हुनेछ भन्ने कुरा उल्लेख गरिएको थियो र धारा १३ मा समानताको हक,सामाजिक सुरक्षा तथा सशक्तिकरणको कुरा उल्लेख थियो साथै समान कामका लागि महिला र पुरुष बीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव नगरिने कुरा पनि उल्लेख थियो।

त्यसपछि जारी भएको नेपालको संविधान २०७२ को धारा १८ को समानताको हकको दफा ३ मा जात वर्ण लिङ्गको आधारमा कुनै भेदभाव नगरिने विषय उल्लेख छ। त्यसरी नै '४' मा 'राज्यले नागरिकहरूका बिच उत्पत्ति धर्म, वर्ण, जातजाति, लिङ्ग आर्थिक अवस्था, भाषा क्षेत्र वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भनिएको छ। साथै यसै दफामा 'तर सामाजिक सशक्तिकरण तथा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन' भनिएको छ। सोही दफा '४' मा समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन' भन्ने उल्लेख छ। साथै दफा '५' मा पैत्रिक सम्पत्तिमा लैङ्गिक भेदभावविना सबै सन्तानको समान हक हुनेछ भनिएको छ। त्यस्तै धारा ३३ दफा (१) रोजगारीको हकको कुरा उल्लेख गर्दै भनिएको छ, "प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ।" रोजगारीको शर्त, अवस्था वेरोजगार सहायता संघीय कानुन बमोजिम हुनेछ।

त्यस्तै धारा ३४ मा पनि प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुने भन्ने उल्लेख छ। महिलाहरूको आर्थिक सशक्तिकरणकै सन्दर्भमा उक्त संविधानकै धारा ३८ को दफा '५' मा महिलालाई शिक्षा, स्वास्थ, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भनिएको छ र दफा ५ मा सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तीको समान हक हुनेछ भनिएको छ।

## ४.२. नीतिगत प्रावधानहरू

### क) महिला आयोग ऐन

महिला आयोग ऐन २०७४ "घ" मा महिलाहरूलाई आत्मनिर्भर बनाउन तथा सशक्तिकरणको लागि पुँजीको स्रोत साधन र प्रविधिमा महिलाहरूको पहुँच बढाउन आवश्यक उपायहरूबारे सम्बन्धित निकायलाई सिफारिस गर्ने कुरा उल्लेख गरिएको छ।

### ख) औद्योगिक व्यवसाय ऐन

औद्योगिक व्यवसाय ऐन २०७६ परिच्छेद ५ दफा २७ को (१) मा महिला उद्यमका लागि थप सुविधाहरूको व्यवस्था गर्दै भनिएको छ, "प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए पनि महिला उद्यमीको मात्र स्वमित्व रहने गरी उद्योग वा फर्म दर्ता गराएमा त्यस्तो उद्योग वा फर्म दर्ता गर्दा कानुन बमोजिम लाग्ने दस्तुरमा पैतीस प्रतिशत छुट हुनेछ।" त्यसरी नै दफा (३) मा महिला उद्यमीले कुनै औद्योगिक क्षेत्र वा ग्रामभित्र नयाँ उद्योग स्थापना गर्न चाहेमा त्यस्तो क्षेत्र सञ्चालन

गर्ने निकायले स्थान उपलब्ध गराउन प्राथमिकता दिनु पर्नेछ भन्ने उल्लेख छ । त्यसरी नै दफा '४' मा महिला उद्यमीको मात्र स्वामित्व रहेको उद्योगले आफ्नो औद्योगिक उत्पादन निर्यात गर्ने प्रयोजनका लागि कर्जा माग गरेमा महिला उद्यमीको लागि कर्जा उपलब्ध गराउने कोषबाट बैंकिङ प्रणालीमार्फत् तोकिए बमोजिम निर्यात कर्जा उपलब्ध गराउन सकिनेछ भनिएको छ ।

**ग) राष्ट्रपति महिला उत्थान कार्यक्रम**

राष्ट्रपति महिला उत्थान कार्यक्रम कार्यविधि २०७६ को प्रस्तावनामा महिलाहरूको सिप तथा उद्यमशीलता विकास र महिला सशक्तिकरणको माध्यमबाट आर्थिक रूपमा कमजोर र विपन्न महिलाहरूको जीवनस्तर उकास्ने कुरा उल्लेख छ । सोही कार्यविधिको 'ङ' मा विपन्न भन्नाले विद्यालय शिक्षा परीक्षा (एस्.ई.ई.) उत्तीर्ण गर्न नसकेका शैक्षिकरूपमा वञ्चित वा आफ्नो जग्गा वा आम्दानीको नियमित स्रोतबाट वर्ष दिन खान नपुग्ने परिवारमा आर्थिकरूपमा वञ्चित भएको महिला सम्झनुपर्ने कुरा उल्लेख छ । परिच्छेद २ दफा ३ मा यस कार्यक्रमको उद्देश्य जीविकोपार्जन सुधार वित्तीय पहुँच तथा उद्यमशीलताको माध्यमबाट आर्थिक सशक्तिकरण गर्दै दिगो विकास हाँसिल गर्ने विषय उल्लेख गरिएको छ ।

महिला बाल बालिका तथा जेष्ठ नागरिक मन्त्रालयले महिलाहरुको आर्थिक सशक्तिकरणमा टेवा पुर्याउने उद्देश्यले उद्यमशीलता र सीपमूलक तालिम प्राप्त गरेकउद्यमी बन्न चाहनेहरुलाई प्रोत्साहन गर्न र उद्यमीहरुलाई स्तरोन्नतिका लागि उद्यमशीलता विकास वित्तीय पहुँच,टेवा पुँजी र प्रविधि सहयोग प्रदान गरी सफल महिला उद्यमी बन्न सहयोग पुर्याउन राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत महिला उद्यमशीलता विकास वित्तीय पहुँच टेवा र प्रविधि सहयोग कार्यक्रम कार्यविधि २०७७ बनाई कार्यान्वयन गरेको छ । यस्तो कार्यक्रम सञ्चालन गर्ने निकायमा स्थानीय पालिका पनि रहेको छ ।

राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत नै जीविकोपार्जन सुधार कार्यक्रम मार्फत विकास सूचकांकमा पछाडि परेका जिल्लाका विपन्न र एकल महिलालाई सीप क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिन आर्थिक तथा सामाजिक अवसर र लाभ प्रदान गर्न महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्वन्धी मापदण्ड (२०७७) समेत बनाई कार्यक्रम सञ्चालन गरेको छ । यसको मुख्य उद्देश्य उद्यमशीलता विकासका माध्यमबाट महिलाहरुको आर्थिक सशक्तिकरण गर्नु, विपन्न महिलाहरुको जीवनस्तरमा बढोत्तरी ल्याउनु रहेको र यसलाई मानव विकास सूचकांकमा पछाडि परेका जिल्लाका स्थानीय तहहरुमा सञ्चालन गर्ने भनिएको छ ।

### घ) राष्ट्रिय लैङ्गिक समानता नीति

राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ को लक्ष्यमा महिलाको आर्थिक सामाजिक र राजनीतिक रुपमा सशक्तिकरण सहित समानता स्थापित गर्ने कुरा उल्लेख छ । त्यसैगरी त्यसको उद्देश्यमा महिलाको आर्थिक सशक्तिकरण गर्नु भन्ने उल्लेख छ । सोही अनुसार रणनीति ४, (ग) महिलाहरुलाई रोजगारी उन्मुख गराउन कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ । ५ मा स्वरोजगार रोगगारी र उद्यमशीलताको एकीकृत कार्यक्रमको माध्यमबाट महिलाको आर्थिक सशक्तिकरण गर्ने ६ मा स्रोत साधनमाथि समान पहुँच नियन्त्रण,निर्णय प्रक्रियामा अर्थपुर्ण सहभागिता हुन सक्नेगरी आर्थिक सशक्तिकरणका माध्यमबाट आत्मनिर्भर बनाउने उल्लेख छ । आर्थिक क्षेत्रमा महिला सहभागिता वृद्धि,महिला उद्यमशीलता प्रशिक्षण केन्द्र स्थापना, महिला प्रवर्धित उद्यम व्यवसायमा,दर्ता,ऋण र व्यवसायमा छुट,महिला उद्यमशीलता सहजीकरण केन्द्र स्थापनाको व्यवस्था छ ।

यस नीतिको प्रभावकारी कार्यान्वयनको लागि केन्द्रस्तरमा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रीको संयोजकत्वमा लैङ्गिक समानता राष्ट्रिय समन्वय परिषद गठन,प्रदेशमा सामाजिक विकास मन्त्रीको संयोजकत्वमा लैङ्गिक नीति समन्वय तथा अनुगमन समिति गठन,स्थानीय तहमा प्रमुख तथा अध्यक्षको संयोजकत्वमा नीति कार्यान्वयन तथा समन्वय समिति गठन हुने व्यवस्था छ ।

### ङ) पन्ध्रौं आवधिक योजना केन्द्र स्तर (२०७६ /२०७७ देखि २०८०/ २०८१)

पन्ध्रौं आवधिक योजनाको परिच्छेद ७ सामाजिक क्षेत्र अन्तरगत ६ मा लैङ्गिक समानता तथा महिला सशक्तिकरणको विषय उल्लेख छ । यसको लक्ष्यमा महिलाको समान तथा अर्थपूर्ण सहभागिता सहित सारभूत समानता कायम गर्ने कुरा उल्लेख छ । रणनीति ६ मा घरेलु तथा पारिवारिक हेरचाह सम्वन्धी क्रियाकलापको मूल्य कायम गर्ने, राष्ट्रपति महिला सशक्तिकरण कार्यक्रमलाई देशव्यापी बनाउने, उद्यमशीलता विकासको लागि सहुलियतपूर्ण ऋण तथा वित्तीय पहुँचको व्यवस्था गर्ने विषयहरु समावेश छन् ।

### च) सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि

नेपाल राष्ट्र बैंकको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी कार्यविधि २०७५ मा ‘महिला उद्यमशीलता कर्जा र शिक्षित युवा स्वरोजगार कर्जाको व्यवस्था गरिएको छ । जसअनुसार महिलालाई व्यक्तिगत वा सामूहिक रूपमा उद्यमशील बन्नका लागि कर्जा उपलब्ध हुने कुरा उल्लेख गरिएको छ ।

कार्यविधिको दफा २ ‘ञ, दफा २ ‘ध’ र ‘न’ मा शिक्षित युवा स्वरोजगार कर्जा युवा स्वरोजगार कर्जाको कुरा उल्लेख गरिएको छ । यसमा युवा भनेका युवा उमेरका महिला पुरुष दुवै हुन् ।

उक्त कार्यविधिका अनुसार कर्जाको सीमा सम्बन्धमा महिला उद्यमशील कर्जा १५ लाखसम्म, शिक्षित युवा स्वरोजगार कर्जा ७ लाख, र युवावर्ग स्वरोजगार कर्जा ५ लाखसम्म रहेको छ । त्यसरी नै १८ वर्ष उमेर पूरा भएका महिला वा समूहको हकमा फरक परिवारका कम्तीमा पाँच जना उक्त उमेरका व्यक्तिलाई बैंक तथा वित्तीय संस्थाले निर्धारण गरेको व्याजदर मध्ये ६ प्रतिशत अनुदान दिने व्यवस्था छ ।

**छ) नेपाल सरकारको वार्षिक बजेट २०७८-२०७९**

नेपाल सरकारले हरेक वर्ष प्रस्तुत गर्ने वार्षिक बजेटमा महिलाहरूको आर्थिक विकासका लागि बजेटको प्रावधान राखेको हुन्छ । नेपाल सरकार अर्थ मन्त्रालयबाट प्रस्तुत गरिएको बजेट वक्तव्य २०७८ जेठ १५ मा एकल महिला अपांगता भएका महिला, बादी, कमलरी, विपन्न, दलित, आदिवासी जनजाति सीमान्तकृत सबै समुदायका महिला तथा किशोरीको आय आर्जन क्षमता विकास र सशक्तिकरणका कार्यक्रम सञ्चालन गरिने उल्लेख छ । त्यस्तै महिलाहरूको लागि लघु साना, मझौला उद्योग, व्यावसायिक कृषि, युवा उद्यम, महिला उद्यम, तथा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूका लागि प्रदान गरिने सहुलियत पूर्ण कर्जाको सीमा र क्षेत्र निर्धारण, व्याज अनुदान,युवा उद्यमीलाई स्टार्टअप व्यवसायमा संलग्न हुन उत्प्रेरणा, परियोजना धितो राखी एक प्रतिशत व्याजदरमा रु. २५ लाखसम्म बीउपूँजी कर्जा उपलब्ध गराउने÷स्टार्ट अप व्यवसायको दर्ता, नवीकरण तथा अन्य सेवाहरू एकद्वार प्रणालीबाट निःशुल्क उपलब्ध गराउने व्यवस्था गरिएको छ । राष्ट्रपति महिला उत्थान कार्यक्रमको माध्यमबाट महिलालाई सिपमूलक तालिम दिई आय आर्जनका क्रियाकलापमा संलग्न गराईने, सबै स्थानीय तहमा सहजीकरण केन्द्र स्थापना गरिने कुरा पनि यस बजेटमा उल्लेख गरिएको छ ।

नेपाल सरकारको नीति तथा कार्यक्रम २०७७/२०७८ मा पनि राष्ट्रपति महिला उत्थान कार्यक्रम मार्फत उद्यमशीलता विकास वित्तीय पहुँच वृद्धि प्रविधि सहयोग र उत्पादित वस्तुको बजारीकरणमा सहयोग गरी महिला सशक्तिकरण गरिनेछ र सबै स्थानीय तहमा महिला उद्यमशीलता सहजीकरण केन्द्र स्थापना गरिनेछ भन्ने उल्लेख गरिएको थियो (२३६) । जस अनुसार महिला बाल बालिका तथा जेष्ठ नागरिक मन्त्रालयले उद्यमशीलता सहजीकरण केन्द्र सञ्चालन कार्यविधि २०७७ निर्माण गरेको छ । यो केन्द्र स्थानीय तहमा रहेको महिला तथा बालबालिका शाखामा रहने व्यवस्था छ । कार्यविधिमा पालिकाले सोको लागि आवश्यक

कानुन बनाउने केन्द्र सञ्चालनको लागि बजेट व्यवस्था गर्ने, अनुगमन मूल्यांकन गर्ने उल्लेख छ। साथै महिला उद्यमी सहजकर्ताको व्यवस्था गर्ने कुरा पनि उल्लेख छ। त्यसरी नै युवाको क्षमता अभिवृद्धिका लागि सबै प्रदेशमा युवा नव प्रवर्तन केन्द्र स्थापना गरिनेछ भन्ने कुरामा विशेष जोड दिएको देखिन्छ (२४३)।

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम निर्देशिका २०७७ को प्रस्तावनामा लघु उद्यमको विकास र प्रबर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुर्याउने उद्देश्यले नेपाल सरकारले स्वीकृत गरेको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई स्थानीय तहमा प्रभावकारी तथा व्यवस्थित रूपमा कार्यान्वयन गर्ने कुरा उल्लेख गरिएको छ। निर्देशिकाको दफा २५ मा संभाब्य लघु उद्यमीको पहिचान र छनोट गर्दा कार्यक्रमको उद्देश्य बमोजिम लक्षित समूह गरिवको रेखामुनि रहेका महिला, दलित, जनजाति आदिको अनुपातको आधारमा गर्ने कुरा उल्लेख छ। सोही दफाको उपदफा (१) तालिम प्राप्त गरी उद्यम सुरु गरेका उद्यमीलाई समूहको निर्णायक पदमा समेत महिला रहने गरी लघु उद्यमी समूहमा आवद्ध गराउन सहयोग गर्नुपर्ने उल्लेख छ।

निर्देशिकाको दफा ५६ मा स्थानीय तहको भूमिका तथा दायित्वको विषय उल्लेख गरिएको छ। जस अन्तरगत 'घ' मा लघु उद्यम विकासका क्षेत्रमा काम गर्ने महिला उद्यमशीलता सहजीकरण केन्द्र, रोजगार सूचना केन्द्र लगायतका अन्य सरकारी विकास साझेदार तथा निजीक्षेत्रका संघ संस्थासँग समन्वय गर्ने विषय रहेको छ। दफा ५२ मा उद्यम विकास समिति गठन र दफा ५८ बमोजिम गठन हुने अनुगमन विकास समितिमा क्रमशः लघुउद्यमी मध्ये एक जना महिला र उद्यम विकास समितिले तोकेको कार्यपालिकाको महिला सदस्य मध्ये एक जना सदस्य बन्ने प्रावधान राखिएको छ। अनूसूची-२ को तालिका नं. १ मा उद्यमी सिर्जना तथा स्तरोन्नतिका लागि बजेट तर्जुमाको दायरा तोकिएको छ। त्यसरी नै अनुसूची ९ मा लघु उद्यम विकास (मेड) मोडेलको उल्लेख गरिएको छ।

**ज) लैङ्गिक उत्तरदायी बजेट**

नेपाल सरकारले सन् २००७-२००८ देखि नै लैङ्गिक उत्तरदायी बजेटको आरम्भ गरेको छ। लैङ्गिक उत्तरदायी बजेट भनेको महिलाहरूको आर्थिक तथा सामाजिक विकासका लागि राष्ट्रिय तहबाट नै बजेटको व्यवस्था गर्ने प्रणाली हो। यसले महिलाहरूको लैङ्गिक अधिकार र आर्थिक सशक्तिकरणका लागि ठूलो योगदान पुर्याउँदै आएको छ। लैङ्गिक उत्तरदायी बजेटलाई प्रत्यक्ष उत्तरदायी, अप्रत्यक्ष उत्तरदायी र तटस्थ गरी तिनवटा क्षेत्रमा विभाजन गरिएको

छ । नेपाल सरकारको विगत छ वटा आ.व.को बजेट विनियोजनको अवस्थालाई हेर्दा लैङ्गिक उत्तरदायी बजेटको अवस्था निम्न अनुसार रहेको देखिन्छ (Shilpakar Rajkarnikar, n.d.) ।

**तालिका-२: विभिन्न आर्थिक वर्षहरूमा लैङ्गिक उत्तरदायी बजेटको अवस्था**

| आर्थिक वर्ष | प्रत्यक्ष उत्तरदायी बजेट (रकम अर्बमा) | राष्ट्रिय बजेटको आधारमा प्रतिशत |
|---|---|---|
| २०७२/०७३ | १३६ | २१.९३ |
| २०७३/०७४ | १८२ | २२.२७ |
| २०७४/०७५ | २४२ | २३.१ |
| २०७५/०७६ | ५०८ | ३८.६५ |
| २०७६/०७७ | ५८५ | ३८.१७ |
| २०७७/०७८ | ५६२ | ३८.१६ |

चौंधौं आवधिक योजना (सन्. २०१६-२०१९) ले लैङ्गिक उत्तरदायी बजेटलाई स्थानीय तहसम्ममा संस्थागत गर्न कम्तीमा पनि कुल बजेटको २७ प्रतिशत प्रत्यक्षरूपमा लैङ्गिक उत्तरदायी कार्यक्रमहरूको लागि छुट्याउने लक्ष्य बनाएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले महिला उत्तरदायी बजेट स्थानीयकरण नीति (Gender Responsive Budget Localization Strategy, 2015) बनाएको छ । यसले हरेक स्थानीय तहमा लैङ्गिक उत्तरदायी बजेटको प्रावधान राख्नुका साथै त्यसको कार्यान्वयनमा समेत जोड दिइएको छ । यसको सफल कार्यान्वयनको लागि मन्त्रीस्तरीय कार्यान्वयन समिति पनि निमार्ण गरिएको छ । यसले नीतिगत प्रावधानहरुको कार्यान्वयनमा जोड दिएको छ ।

### झ) प्रधानमन्त्री रोजगार कार्यक्रम (२०७५)

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७६ को दफा २१ (३) मा काममा खटाउँदा एकल महिला घरमुली भएको परिवारको सदस्य (ग) र महिला बेरोजगार व्यक्तिलाई प्राथमिकता दिने(झ) कुरा उल्लेख छ ।

### ञ) मौद्रिक नीति २०७७/२०७८

नेपाल राष्ट्रबैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०७७-२०७८ को मौद्रिक नीतिमा वित्तीय पहुँच उल्लेख्य विस्तार भएको (३) वित्तीय साधनलाई उद्यमशीलता विकास उत्पादन अभिवृद्धि

र रोजगारी सिर्जना गर्नेतर्फ प्रोत्साहित गर्नुपर्ने (५) बाणिज्य बैकहरुले कृषि क्षेत्रमा प्रवाह गर्नुपर्ने कुल कर्जाको १० प्रतिशत मध्ये ९.७ प्रतिशत प्रवाह भएको (४९) सहुलियतपूर्ण कर्जा कार्यक्रमबाट २०७७ जेष्ठ मसान्तसम्म २९ हजार १५७ ऋणी लाभान्वित भएको (५१) स्थानीय तहका सबै वडामा वित्तीय सेवाको पहुँच सुनिश्चित गर्न राष्ट्रबैंकको स्वीकृति लिइरहनु नपर्ने (५३) वित्तीय पहुँच र सेवाको गुणस्तर अभिवृद्धि गरिने(६४) बाणिज्य बैंकले २०८० असार मसान्तसम्म कुल कर्जा लगानीमा न्युनतम १५ प्रतिशत कृषि क्षेत्रमा प्रवाह गर्नुपर्ने(७७) कृषि विकास बैंकबाट क्रेडिटकार्ड व्यवस्था (८३) उद्यमशीलता विकासका लागि सहुलियतपूर्ण कर्जा ५ प्रतिशत व्याजमा उपलब्ध गराउने (९३) स्थानीय तहका सबै वडाहरुमा वित्तीय पहुँच पुर्याउन लघुवित्त वित्तीय संस्थाले शाखा नभएका वडामा मात्र शाखा खोल्न पाउने (१४३) कुराहरु उल्लेख गरिएका छन् । प्रस्तुत परिदृश्य तथा प्रवधानहरु निश्चयनै पूर्ण रुपमा महिलाहरुका लागि मात्र परिलक्षित गरिएका छैनन्,तथापि यी प्रावधानहरुले प्रत्यक्ष र परोक्ष दुबैरुपबाट महिला आर्थिक सशक्तिकरणका क्षेत्रहरु, जस्तै उद्यमशीलता विकास, रोजगारी सिर्जना, वित्तीय पहुँच विस्तारसँग सम्वन्धित छन् र तिनले महिला आर्थिक सशक्तिकरणमा प्रत्यक्ष टेवा पुर्याउन सक्दछन् भन्न सकिन्छ ।

**ट) महिला आर्थिक सशक्तिकरणका लागि प्रदेशस्तरमा भएका नीतिगत व्यवस्थाहरु**

प्रदेशहरुमा पन्ध्रौं आवधिक योजना २०७६/ २०७७ देखि २०८० /२०८१ बनेका पाइन्छन् । जसमा महिलाहरुको लागि योजना निर्माण गरी कार्य सञ्चालन गर्ने (प्रदेश १) महिला लक्षित छोटो तथा लामो अवधिको सीप विकास कायृक्रम सञ्चालन गर्ने,बेटी पढाउ,बेटी बचाउ अभियान सञ्चालन गर्ने (प्रदेश २) सामाजिक क्षेत्र अन्तरगत लैङ्गिक समानता तथा सशक्तिकरण कार्यक्रम प्रत्यक्ष रुपमा महिलाहरुका आय आर्जन हुने कार्यक्रमहरु सञ्चालनममा सहयोग पुर्याउने,प्रादेशिक लैङ्गिक समानता तथा समावेशीकरण नीति (वाग्मती) महिला सशक्तिकरणमा जोड दिई हरेक क्षेत्रमा अर्थपूर्ण सहभागिता गर्दे मूलप्रवाहीकरण र सारपूर्ण लैङ्गिक कार्यक्रम सञ्चालन गर्ने र कोशेली घर सञ्चालन गर्ने (गण्डकी) लैङ्गिक समानता र सामाजिक न्यायमा आधारित समाज निर्माण गर्ने,आर्थिक अवसरहरुमा महिलाहरुको पहुँच विकास गर्ने(लुम्बिनी) अवसरबाट वञ्चित महिलाहरुको क्षमता विकास र सशक्तिकरणका लागि स्थानीय तहसँग समन्वय गरी लक्षित कार्यक्रम ल्याइने,व्यावसायिक सीप क्षमता विकास गर्न, वित्तीय र डिगिटल साक्षरता सम्वन्धी प्रशिक्षण प्रदान गर्ने(कर्णाली) महिलावर्गको जीविकोपार्जन सुधार र महिलाद्वारा सञ्चालित सहकारी संस्थालाई बिउपुँजी अनुदान (सुदुरपश्चिम) कार्यक्रमहरु ल्याइएका छन् ।

### ठ) महिला आर्थिक सशक्तिकरणका लागि पालिकास्तरमा भएका नीतिगत व्यवस्थाहरु

नेपालको संविधान २०७२ ले संघ प्रदेश र स्थानीय तीनवटै तहहरुलाई विधायिकी कार्यकारिणी र न्यायिक अधिकारको व्यवस्था गरेको छ। जस अनुसार, ऐन कानुनका आधारमा रही अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय निकायहरुलाई गाउँ तथा नगरसभाद्वारा ऐन, कानुन र गाउँ नगर कार्यपालिकाद्वारा नीति नियम,निर्देशिका ,कार्यविधिहरु बनाई कार्यान्वयन गर्न सक्दछन्। जस अनुसार पालिकाहरुले महिलाहरुको आर्थिक सशक्तिकरणका लागि आवश्यक नीति तथा कार्यविधिहरु बनाई कार्यान्वयन गरेको देखिन्छ।

औद्योगिक व्यवसाय ऐन, व्यवसाय कर नियमावली र कार्यविधि तथा निर्देशिका जस्तैः आय आर्जनका लागि बाख्रापालन कार्यक्रम कार्यान्वयन कार्यविधि,एक घर एक महिला रोजगार कार्यविधि, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम(मेड्पा) कार्यक्रम सञ्चालन कार्यविधि,उद्यमीहरुका लागि अनुदान सञ्चालन निर्देशिका,साना उद्यमशील किसान कार्यक्रम सञ्चालन कार्यविधि,व्यवसाय दर्ता तथा नवीकरण निर्देशिका,महिला विकास कार्यक्रम सञ्चालन कार्यविधि,महिला सशक्तिकरण तथा संस्थागत विकास परियोजना सञ्चालन सम्वन्धी कार्यविधि,लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि आदि कार्यविधिहरु महिला आर्थिक सशक्तिकरणमा टेवा पुर्याउने उद्देश्यले विभिन्न पालिकाकहरुद्वारा निर्माण गरी कार्यान्वयन गरिएका छन्। महालक्ष्मी नगरपालिका ललितपुरको उद्यमशीलता विकास कोष सञ्चालन कार्यविधि २०७७, हल्दीबारी गाउँ पालिका झापाद्वारा प्रकाशित महिला विकास समिति गठन तथा परिचालन कार्यविधि २०७५, सुनवल नगरपालिका रुपन्देही ,महिला उद्यम केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५, दशरथचन्द्र नगरपालिका बैतडीको महिला अधिकार संरक्षण सम्वन्धी नीति २०७५ यस्ता नीति तथा कार्यविधिका उदाहरणहरु हुन्।

त्यसरी नै महिलाहरुका लागि पारिश्रमिक आयमा १० प्रतिशत छुट हुने व्यवस्था,महिलाको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतको दस्तुरमा २५ प्रतिशत छुट हुने व्यवस्था (एकल महिला भएमा ३५ प्रतिशत) साविकको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति पत्नी दुबैको संयुक्त नमममा लिखत गर्न चाहेमा सोमा एकसय मात्र रजिष्टेसन दस्तुर( महिलाका सुविधा सम्वन्धी सूचना,२०७३ असार, राष्ट्रिय सूचना आयोग) महिलाहरुको आर्थिक सशक्तिकरणमा सहयोग पुर्याउने अन्य नीतिगत प्रावधानहरु हुन्।

### ड) नीतिगत प्रावधानहरुको सारांश

महिला आर्थिक सशक्तिकरण सम्वन्धी मौजुदा, काननु, नीति तथा प्रावधानहरुको अध्ययन गर्दा

संघ प्रदेश तथा स्थानीय तहसम्म नै नीति नियमहरु निर्माण भएका तर स्थनीय तहमा मात्र गरिएको सर्वेक्षणको नतिजाको आधारमा ती कानुन,नीति तथा प्रावधानहरुको बारेमा महिलाहरुलाई पर्याप्त जानकारी नभएको,दस्तावेजहरु अपर्याप्त भएको र कार्यान्वयन पनि ठीकै मात्र भएको भन्ने देखिएकोले प्रावधानहरु र कार्यान्वयनको बीचमा केही अन्तर देखिएको बुझ्न सकिन्छ।

## ४.३. गाउँपालिकाका भूमिका र जिम्मेवारीहरू

देशको आर्थिक तथा सामाजिक विकासमा स्थानीय तहको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। स्थानीय सरकार सञ्चालनका सम्वन्धमा व्यवस्था गर्न बनेको स्थानीय सरकार सञ्चालन ऐन २०७४ को प्रस्तावनामा संविधान बमोजिम स्थानीय तहको सरकार सम्वन्धी व्यवस्था कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तह बिचको सहकारिता, सह अस्तित्व, र समन्वयलाई प्रबर्द्धन गर्न तथा जन सहभागिता, उत्तरदायित्व, पारदर्शितालाई सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, समानुपातिक समावेशी र न्यायोचित तरिकाले लोकतन्त्रका लाभहरूको वितरण गर्न, कानुनी राज्य र दिगो विकासको अवधारणलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न, स्थानीय नेतृत्वको विकास गर्न वाञ्छनीय भएको हुनाले स्थानीय सरकार ऐन ल्याइएको कुरा उल्लेख गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ उपदफा २ मा स्थानीय तहले योजना बनाउँदा लैङ्गिक तथा सामाजिक समावेशीकरणको विषयलाई ध्यान दिनुपर्ने उल्लेख छ। उपदफा ३ मा गाउँपालिका तथा नगरपालिकाले आफ्ना योजना बनाउँदा महिला बालबालिकालाई प्रत्यक्ष लाभ पुग्ने लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिवृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्ने उल्लेख छ। योजना तर्जुमा तथा कार्यान्वयन अन्तरगत योजना तर्जुमा प्रक्रियामा महिलावर्गलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनोटमा जोड दिने कुरा उल्लेख छ।

आम नागरिकहरूका साथै संवैधानिक प्रावधानको आधारमा महिलाहरूको लागि सुनिश्चित गरिएका आर्थिक तथा सामाजिक अधिकारहरूको कार्यान्वयनमा पनि गाउँपालिकाको ठूलो जिम्मेवारी रहेको छ। यस परिप्रेक्ष्यमा संघीय राज्य प्रणाली अनुरूप २०७४ सालमा सम्पन्न स्थानीय निर्वाचनमा निर्वाचित ३५०४१ जनप्रतिनिधिहरू मध्ये ४०.९६ प्रतिशत अर्थात् १४३५२ जनप्रतिनिधिहरू महिलाहरू हुनु विशेष महत्वको विषय हो। त्यसमा पनि उपप्रमुखहरूको उपस्थिति ९१ प्रतिशत रहेको छ। यध्यपि यस्तो प्रतिनिधित्वले मात्र महिला आर्थिक सामाजिक सशक्तिकरण हुन सक्छ भन्ने स्पष्ट आधार प्रस्तुत गर्न नसकिएपनि यसले महिला आर्थिक सशक्तिकरणका सवालमा सकारात्मक प्रभाव पार्छ भन्न सकिन्छ।

सोही ऐन अनुसार स्थानीय सरकारको योजनामा केही प्राथमिकताका क्षेत्रहरू पनि तोकिएका छन् । जसमा गरिबी निवारणमा सहयोग पुग्ने र उत्पादनमूलक कार्यहरूमा जोड दिने कुराहरू उल्लेख छ । त्यस्तै महिला बालबालिका तथा पिछडिएका वर्ग क्षेत्र र समुदायलाई लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा टेवा पुग्ने कार्यक्रमहरू सञ्चालन गर्ने र पालिकामा यस्ता योजनाहरू बनाउँदा महिलाहरूको अधिकतम सहभागिता गराउने कुराहरू ऐनमा समावेश गरिएका छन् । प्रस्तुत तथ्यहरूको आधारमा महिलाहरूको आर्थिक सशक्तिकरणको लागि गाउँपालिकाको महत्त्वपूर्ण भूमिका तथा जिम्मेवारी भएको स्पष्ट देखिन्छ ।

## ४.४. प्रदेश तथा स्थानीय तहबीचको सम्वन्ध

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ प्रदेश र स्थानीय तह गरी तीन तहको रहने व्यवस्था रहेको छ । तीनै तहबीचको सम्वन्ध सहकारिता,सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहेको छ । प्रदेश र स्थानीय तह एक किसिमले सशक्तिकरण भइसकेका छन् । आवश्यकता अनुसार एक अर्कासंग सहकार्य गर्न सक्दछन् । तर दुवै स्वायत्त भएकोले एक अर्काबीचको सहकार्य र समन्वयको हकमा कुन विषयमा कसले कोसँग समन्वय गर्ने भन्ने कुरा स्पष्ट हुनु जरुरी देखिन्छ । संविधानले सबै तहको आफ्नो आफ्नो क्षेत्राधिकार तोकेको छ । स्थानीय र क्षेत्रीय विकासको हिसावले प्रदेश र पालिकाबीच बलियो सम्वन्ध हुनु अपरिहार्य देखिन्छ । संघीय व्यवस्थालाई सफल बनाउन यी दुईबीचको अन्तर सम्वन्ध जरुरी छ । संघ प्रदेश स्थानीय तह (समन्वय तथा अन्तरसम्वन्ध )ऐन २०७७ को निर्माण समेत भएको छ । संघीय लो्कतान्त्रिक गणतन्त्रात्मक शासनप्रणलीको सुदृढीकरणका लागि नेपालको संविधान बमोजिम राज्यशक्तिको प्रयोग गर्न संघ प्रदेश र स्थानीय तह बीचको अन्तरसम्वन्ध सहकारिता,सहअस्तित्व समन्वय र पारस्परिक सहयोगको आधारमा व्यवस्थित गर्न यो ऐन ल्याइएको उल्लेख छ ।

नेपालको संविधान २०७२ ले संघ प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारका सूचीहरु निर्धारण गरेको छ । सामाजिक सुरक्षा गरिवी निवारण,कृषि सहकारी आदि साझा अधिकारका सूचीभित्र पर्दछन् ।

ऐनको दफा ११ उपदफा (२) मा नेपाल सरकारले स्थानीय तहसँग र (३)मा नेपाल सरकारले देहायका विषयमा आवश्यकता अनुसार प्रदेश र स्थानीय तहसंग समन्वय र परामर्श गर्न सक्ने उल्लेख छ । दफा २४ मा प्रदेश समन्वय परिषदको गठनको व्यवस्था छ । जसको (१) मा प्रदेश र स्थानीय तहबीच वा प्रदेश भित्रका एकभन्दा बढी जिल्लाभित्रका स्थानीय तहबीचको समन्वय र अन्तरसम्वन्धलाई व्यवस्थित गर्न प्रत्येक प्रदेशस्तरमा एक समन्वय परिषद रहने

व्यवस्था छ । सामाजिक तथा आर्थिक विकासका अन्य विषयक्षेत्रका साथै महिला आर्थिक सशक्तिकरणका लागि पनि प्रदेश तथा स्थानीय निकायबीचको समन्वय र सहकार्य अपरिहार्य रहेको छ । (गाउँपालिकाहरुको कानुन निर्माण प्रकृया र अद्यावधिक अवस्था सम्बन्धी एक अध्ययन प्रतिवेदन गाउँपालिका राष्ट्रिय महासंघ नेपाल)

# खण्ड – २

## ५. नेपाली महिलाहरूको आर्थिक सशक्तिकरण: गाउँपालिका स्तरिय सर्वेक्षण

### ५.१. सर्वेक्षणको परिचय

नेपालको संविधान २०७२ ले व्यवस्था गरेको संघीय संरचना अनुरूप बनेका ३ तहको सरकारहरु मध्ये ७५३ वटा गाउँपालिका/नगरपालिकाहरू सबैभन्दा तल्लो तहमा पर्दछन् । त्यस मध्येमा पनि नेपाल सरकार केन्द्रीय तथ्यांक विभागद्वारा प्रकाशित एक रिपोर्ट (Central Bureau of Statistics, Nepal, n.d.) का अनुसार नेपालको कुल भूभागको ७९. ८५% ग्रामीण भूभागले ओगटेको छ। चाहे संघीय र प्रादेशिक सरकारद्वारा नियोजित विविध आयोजनाहरू हुन् वा आफ्नै पहलमा अगाडि सारिएका कार्यक्रमहरू, यी सबैलाई गाउँस्तरमा बसी त्यहाँको समुदाय स्तरमा कार्यान्वयन गराउने जिम्मेवारीमा ४६० वटा गाउँपालिकाहरू अहम् भूमिकामा छन् ।

स्थानीयस्तरमा बसोबास गर्ने महिलाहरूको आर्थिक सशक्तिकरणका लागि मौजुदा कानुनले व्यवस्था गरेका प्रावधानहरू, सरकारका नीति तथा कार्यक्रमहरू वा विभिन्न गैर सरकारी तथा दातृ निकायहरूका अनुदान र कार्यक्रमहरूको कार्यान्वयन तहमा गाउँपालिकाहरू प्रत्यक्ष साक्षी बनेका छन् । यसबाट यी नीति एवम् कार्यक्रमहरूका सबल पक्षहरू, कमी कमजोरीहरू, प्रयोगात्मक चुनौतीहरूको बारेमा समेत गाउँपालिकाहरूले महत्त्वपूर्ण अनुभव र ज्ञानहरू बटुल्न सफल बनेका छन् । यद्यपि महिलाहरूको आर्थिक सशक्तिकरणमा सातै प्रदेशहरूमा छरिएर रहेका गाउँपालिकाहरूले भोगिरहेका मुख्य प्रयोगात्मक चुनौतीहरू के के हुन् र आगामी दिनमा उनीहरूको सामुहिक भूमिका कस्तो हुनुपर्दछ भन्ने सामुहिक स्पष्टता तिनै तहका सरकारहरूमा पर्याप्त रूपमा भएको पाइँदैन । साथै यस क्षेत्रमा अध्ययन र अनुसन्धान पनि सीमित मात्रामा मात्रै भएको पाइन्छ ।

यसर्थ यस नेपाली महिलाको आर्थिक सशक्तिकरण; मुद्दा, चुनौती र आगामी कार्यदिशा : अध्ययन २०७८ ले आर्थिक सशक्तिकरणको क्षेत्रमा महिलाहरूको लागि मौजुदा कानुनले व्यवस्था गरेका विषयहरूको मूल्याङ्कन गर्ने, यस क्षेत्रका भएका विविध चुनौती र मुद्दाहरूको खोजी गर्ने, र यस क्षेत्रमा आवश्यक सुधारका निम्ति मार्ग निर्दिष्ट गर्ने प्रयास गरेको छ । यसका निम्ति गाउँपालिकाहरूसँग महिलाको आर्थिक सशक्तिकरणका विविध आयामहरूलाई समेटेर प्रत्यक्ष कुराकानी गरी एक सर्वेक्षण सम्पन्न गरिएको छ ।

### ५.२. सर्वेक्षणको विधि

#### ५.२.१. सर्वेक्षणको नमुना छनोट

यस अध्ययन कार्यक्रमका लागि उत्तरदाताको रूपमा नेपालभरका २० वटा गाउँपालिकाहरूलाई लिइएको छ। उत्तरदाताहरू छनोट गर्दा यथासम्भव रूपमा लैङ्गिकरूपमा समावेशी र भौगोलिक रूपमा प्रतिनिधिमुलक बनाउन प्रयास गरिएको थियो । नेपालका ७ प्रदेशभित्र फैलिएका ४६० वटा गाउँपालिकाहरूको भौगोलिक अवस्थितिको प्रतिनिधित्व गराउन आनुपातिक विश्लेषणबाट प्रत्येक प्रदेश अन्तर्गत निश्चित संख्यामा हिमाली, पहाडी र तराई क्षेत्रका गाउँपालिकाहरूलाई उत्तरदाताको रूपमा छनोट गरिएको थियो । आनुपातिक विश्लेषणबाटै हरेक प्रदेशभित्र गाउँपालिकाको प्रमुख नेतृत्व तहमा महिला भएका गाउँपालिकाहरूलाई समेत समावेश गरिएको थियो। यस प्रक्रियाबाट छनोट गर्दा प्रदेश -२ का कुनै पनि गाउँपालिकामा महिलाको नेतृत्व नभएको हुँदा, त्यस बाहेकका हरेक प्रदेशहरूमा कम्तीमा महिलाद्वारा नेतृत्व गरिएको एउटा गाउँपालिकालाई समावेस गरिएको थियो । त्यस्तै प्रमुख नेतृत्व तहमा दलित समुदायबाट प्रतिनिधित्व भएको नेपालको एक मात्र गाउँपालिका, लुम्बिनी प्रदेशको प्युठान जिल्लामा पर्ने सरुमारानी गाउँपालिकालाई समेत सामेल गरिएको थियो। यस सम्बन्धी थप जानकारी (८.१.अनुसूची १: नमुना छनोट) मा हेर्न सकिने छ।

#### ५.२.२. प्रश्नावली निर्माण

यस अध्ययन अन्तर्गत सम्पन्न गरिएको सर्वेक्षणका लागि अध्ययनको क्षेत्र र उद्देश्यअनुरूप र महिला सशक्तिकरणका विभिन्न आयामहरू (Dimensions)लाई समेटेर संरचित प्रश्नावली निर्माण गरिएको थियो। त्यस भित्र पनि (Overseas Development Institute, n.d.) ले प्रकाश पारेका महिला सशक्तिकरणभित्रका ६ वटा प्रत्यक्ष आयामहरू मध्येमा यस अध्ययनको उद्देश्य र गाउँपालिकाहरूको वस्तुस्थितिसँग सुहाउदो ४ वटा आयामहरू मुख्यत; सिप विकास र तालिम, गुणस्तरीय र सम्मानजक ज्याला सहितको कामको पहुँच, स्याहार तथा अन्य पारिवारिक जिम्मेवारीहरू, सम्पत्ति र वित्तीय पहुँच र सामाजिक सुरक्षालाई समेटिएको थियो। यसैगरी ४ वटा अन्तर्निहित आयामहरू मध्येमा कानुनी अधिकारलाई समेटिएको थियो भने यस बाहेक पनि कार्यान्वयन पक्षको वास्तविक अवस्था बुझ्ने उद्देश्यका साथ महिलाहरूको आर्थिक सशक्तिकरणमा गाउँपालिकाहरूले व्यवस्था गरेको बजेट तथा हाल चलिरहेका कार्यक्रमहरू, दर्ता प्रक्रिया, र कानुनी प्रावधानजस्ता पाटोलाई पनि थप गरिएको छ । यी आयामहरूलाई यस अध्ययनको उद्देश्य अनुरूप प्राथमिकता र

सान्दर्भिकताका आधारमा प्रमुख प्रश्न वा सम्भावित उत्तरहरू मध्ये विकल्पको रूपमा समेट्ने प्रयास गरिएको थियो। यसरी उत्तरदाताको व्यक्तिगत जानकारी र सम्बन्धित गाउँपालिकाको सामान्य जानकारी बाहेक विभिन्न ३८ वटा प्रश्नहरू समावेश गरेर प्रश्नावली तयार पारिएको थियो। यीमध्ये २३ वटा प्रश्नहरूको सम्भावित जवाफको रूपमा उत्तरदातालाई बढीभन्दा बढी विकल्पहरू दिईएको थियो, जसबाट उनीहरूले एक वा सोभन्दा बढी जत्ति पनि जवाफहरू छनोट गर्न सक्थे। त्यसैगरी प्रश्नावली भित्रका ११ वटा प्रश्नमा गाउँपालिकाहरूले अनुमानको आधारमा निश्चित दायराको रूपमा दिईएको धेरै वटा सम्भावित जवाफहरू मध्ये कुनै एक छनोट गर्नु पर्ने हुन्थ्यो। त्यस्तै बाँकी ४ वटा प्रश्नहरूमा भने ५ बिन्दुहरू भएको लिकर्ट स्केल (Likert Scale) को प्रयोग गरिएको थियो। जसमा उत्तरदाताले पहिलो बिन्दुलाई पुरै राम्रो, दोश्रोलाई राम्रो, तेश्रोलाई ठिकै, चौथोलाई खराब र पाँचौलाई कम खराबको रूपमा मानेर अनुमानित जवाफ दिनुपर्ने हुन्थ्यो।

### ५.२.३. तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषण र चित्रण

अध्ययनको लागि निर्धारण गरिएको समय र उत्तरदातासँगको भौगोलिक दुरीलाई ध्यानमा राख्दै, सबै उत्तरदाताहरूको सजिलै पहुँच पुग्न सक्ने र प्राप्त नतिजालाई विश्लेषणका लागि कम्प्युटरमा प्रविष्टि गरिरहनु नपर्ने हुँदा सर्वप्रथम निर्धारित प्रश्नावालीलाई गूगल फर्मस् मा उतार्ने रणनीति निर्णय गरिएको थियो । यसका लागि उत्तरदाताको अनुकुलताका आधारमा अनलाईनबाट प्रशानावाली पठाउने, तोकिएको समय भित्र जवाफहरू संकलन भए नभएको यकिन गरि ताकेता गर्ने, वा टेलिफोन मार्फत् कुराकानी गरि प्राप्त जवाफहरू आफैले प्रविष्टि गरिदिने जस्ता कार्य सम्पन्न गरिएको थियो।


यसरी प्राप्त तथ्याङ्कलाई प्रशोधन गरी विभिन्न कोणबाट विश्लेषण गरिएको थियो। यस क्रममा विषयवस्तुको सान्दर्भिकता र यस अध्ययनको उद्देश्यलाई ध्यानमा राखि विभिन्न सूचकहरूको तुलनात्मक अध्ययन गरिएको थियो भने प्राप्त निष्कर्षलाई वर्णनात्मक रुपमा विश्लेषण गरिएको थियो । यस सर्वेक्षणको लागि लिइएको उत्तरदाताको संख्या निकै सानो भएको हुँदा यस सर्वेक्षणको नतिजा जति सक्दो सहि होस् भन्नका लागि बहुविकल्प भएका प्रश्नहरूमा प्राप्त जवाफहरूलाई तथ्याङ्कशास्त्रीय हेरफेर गरिएको छैन। यसैगरी यस्तो अवस्थामा वर्णनात्मक विधिहरू प्रयोग गर्न बान्छनीय हुने हुनाले प्राप्त तथ्याङ्कलाई सान्दर्भिकताको आधारमा सोझै विविध रेखाचित्रहरूमा प्रस्तुति गरिएको थियो।

## ५.३. सर्वेक्षणको नतिजा


### ५.३.१. उत्तरदाताको पृष्ठभूमि र सहभागिता

यस सर्वेक्षणको क्रममा लिइएका विभिन्न २० वटा गाउँपालिकाहरू मध्येमा उत्तरदाताको पद, लिङ्ग, जात/जाति र प्रदेशको प्रतिनिधित्व यस्तो रहेको थियो:


**आँकडा १: पदको अधारमा उत्तरदाताको विभाजन**





**आँकडा २: लिङ्गको अधारमा उत्तरदाताको विभाजन**




**आँकडा ३: जात/जातिको आधारमा उत्तरदाताको विभाजन**




**आँकडा ४: सात प्रदेशहरूमा उत्तरदाताको विभाजन**




उत्तरदाताहरूले धारण गरेको पदको आधारमा हेर्दा यस सर्वेक्षणमा सबैभन्दा धैरै, करिब ६० प्रतिशत गाउँपालिका उपप्रमुखहरूको सहभागिता रहेको थियो भने त्यसपछि गाउँपालिका

प्रमुखहरू र प्रमुख प्रशासकीय अधिकृतहरूको क्रमश: ३०% र १०% सहभागिता रहेको थियो। त्यसैगरी यस सर्वेक्षणमा पुरुषहरूको भन्दा बढी महिलाहरूको सहभागिता रहेको थियो। त्यस्तै जात/जातिको आधारमा हेर्दा ५०% जनजाति रहेका थिए भने ३५% ब्रामण-क्षेत्रि, १०% मधेशी र ५% दलित समुदायबाट प्रतिनिधित्व गर्दथे। आनुपातिक विश्लेषणको अधारमा सात प्रदेशहरू मध्येमा सबैभन्दा धैरै उत्तरदाताहरू प्रदेश-१ बाट लिइएको थियो भने कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशबाट सबैभन्दा कम उत्तरदाताहरू लिइएको थियो।


### ५.३.२. महिलाको आर्थिक सक्रियताको समग्र अवस्था र चुनौतीहरू

#### ५.३.२.१. औपचारिक र अनौपचारिक क्षेत्रहरूमा आर्थिक रूपले सक्रिय महिलाको अनुमानित आँकडा

अन्तर्राष्ट्रिय मजदूर संगठन (International Labour Organization - ILO) ले औपचारिक र अनौपचारिक क्षेत्रलाई भिन्न परिभाषा र अवस्थामा वणर्न गरेको छ। जस अनुसार औपचारिक क्षेत्रमा कामदारहरूले निश्चित समय सीमाभित्र रहेर काम गर्दै त्यसै अनुसारको उपयुक्त कर सम्बन्धित निकायलाई तिर्दछन्। यसैगरी 'औपचारिक क्षेत्र' मा सबै मजदूरहरू एकै समावेशी व्यवसायमा संग्लग्न हुन्छन्।

त्यस्तै 'अनौपचारिक क्षेत्र' मा कामदारहरूको कुनै निश्चित समयसीमा हुँदैन र जसमा व्यवसायी वा कामदारहरूले कर तिर्दैनन्। यस क्षेत्रलाई सरकारी निकायहरूबाट कुनै किसिमको अनुगमन वा निरीक्षण पनि गरिँदैन। यस क्षेत्रलाई व्यवस्थापन गर्न गार्हो हुन्छ र यसलाई अर्थतन्त्रमा एक झन्झटिलो क्षेत्र पनि भनीन्छ। (International Labour Organisation (ILO), n.d.)। यसै मान्यताभित्र रहेर यस सर्वेक्षणको क्रममा "गाउँपालिकाहरूभित्र औपचारिक र अनौपचारिक क्षेत्रहरूमा सक्रिय महिलाको अनुमानित आँकडा कस्तो रहेको छ ?" भनी प्रश्न गरिएको थियो।

**आँकडा ५: औपचारिक र अनौपचारिक क्षेत्रहरूमा आर्थिक रूपले सक्रिय महिलाको आँकडा**




आँकडा ५ बाट गाउँपालिकाहरूभित्र औपचारिक क्षेत्रमा आर्थिकरूपले सक्रिय महिलाहरूको आँकडा १-१०% हुनसक्ने सम्भावनामा सबैभन्दा धेरै गाउँपालिकाहरूको सहमति रहेको बुझिन्छ। यसैगरी ४१% भन्दा माथिका कुनै पनि सम्भावित उत्तर छनोटमा नपर्नुले औपचारिक क्षेत्रमा आर्थिक रूपले सक्रिय महिलाहरूको संख्या निकै कम हुनसक्ने अड्कल गर्न सकिन्छ।


यसैगरी गाउँपालिकाहरू भित्र अनौपचारिक क्षेत्रमा आर्थिकरूपले सक्रिय महिलाहरूको सम्भावित आँकडाको सन्दर्भमा गाउँपालिकाहरूबिच विभाजित धारणाहरू देखिन्छन् । अर्कातर्फ ५ जना (२५%) उत्तरदाताले अनौपचारिक क्षेत्रमा सक्रिय महिलाहरूको आँकडा ८१ -९०% को बिच हुनसक्ने बताएका छन्। अर्कोतर्फ बाँकी १५ जना (७५%) उत्तरदाताहरूले ५१% भन्दा तलको दायरा (Range) का विभिन्न सम्भावित उत्तरहरू छनोट गरेका छन् । अनौपचारिक क्षेत्रमा सक्रिय महिलाहरूको आँकडा ८१ -९०% को बिच हुनसक्ने करिब २५% उत्तरदाताको निष्कर्ष (WIEGO, 2020) सँग मिल्दोजुल्दो छ। जस अनुसार नेपालका करिब ३० लाख महिलाहरू श्रम बजारमा आवद्द छन् र त्यसमध्य ९०.५ प्रतिशत अनौपचारिक क्षेत्रमा सक्रिय छन्। यद्यपि बाँकी ७५% उत्तरदाताको धारणा योभन्दा फरक भएको बुझिन्छ। यसर्थ, अनौपचारिक क्षेत्रमा आर्थिकरूपले सक्रिय महिलाहरूको आँकडा एक अर्काबिच यति धेरै फरक पर्नुको पछाडि गाउँपालिकाहरूका आफ्नै आन्तरिक वस्तुस्थिति र बिशेषताहरूका कारण भएको अनुमान लगाउन सकिन्छ । यदि त्यसो नभए, यस विषयमा तथ्यपरक र वास्तविक

आँकडा/जानकारी गाउँपालिकाहरूसँग नभएको कारण पनि यस्तो निस्कर्ष प्राप्त भएको हुनसक्छ वा यस क्षेत्रमा सक्रिय महिलाको संख्या तुलनात्मक रूपमा साच्चिकै कम पनि हुनसक्छ । भविष्यमा यस विषयमा थप गहन अध्ययन गर्न सकिन्छ ।

### ५.३.२.२. औपचारिक तथा अनौपचारिक क्षेत्रमा आर्थिक रूपले सक्रिय महिलाको कार्यगत विभाजन


यस सर्वेक्षणको क्रममा अन्तर्राष्ट्रिय श्रम सँगठन (ILO) को परिभाषा भित्रै रहेर गाउँपालिकाहरूको सन्दर्भमा मेल खाने विभिन्न औपचारिक र अनौपचारिक क्षेत्रहरूको पहिचान गरिएको थियो । त्यस पछि यी क्षेत्रहरूलाई उत्तरदातासमक्ष सम्भावित जवाफको रूपमा पेश गर्दै एकभन्दा बढी जवाफ छनोटको अवसर प्रदान गरिएको थियो । त्यसमा कृषि, घरेलु उद्योग जस्ता कार्यक्षेत्रहरू औपचारिक र अनौपचारिक दुवै क्षेत्रको सम्भावित जवाफको रूपमा परेका थिए ।

**आँकडा ६: महिलाहरू आर्थिक रूपले सक्रिय भएका अनौपचारिक क्षेत्रहरू**




अनौपचारिक क्षेत्रमा आर्थिक रूपले सक्रिय महिलाहरू मध्य सबैभन्दा धैरै कृषि, पशुपालन, घरेलु उद्योगहरू र किराना/खुद्रा पसलहरूमा सक्रिय देखिन्छन् भने ईंटा भट्टामा सबैभन्दा कम सक्रिय देखिन्छन् । त्यस्तै केहीले अन्य क्षेत्रहरूमा समेत सक्रिय रहेको जनाएका छन् ।

### आँकडा ७: महिलाहरू आर्थिक रूपले सक्रिय भएका औपचारिक क्षेत्रहरू





यसैगरी औपचारिक क्षेत्रमा आर्थिक रूपले सक्रिय महिलाहरूको आँकडा हेर्दा पनि कृषि र किराना खुद्रा पसलहरू प्रति नै बढी आकर्षण भएको बुझिन्छ भने सिलाइ-कटाइ र शिक्षण पेशा त्यसपछि आउँछन्। त्यस्तै बैंक, होटल, पर्यटन, मनोरन्जन जस्ता औपचारिक क्षेत्रमा महिलाको सबैभन्दा कम सक्रियता देखिन्छ भने औद्योगिक उत्पादनको क्षेत्रमा शून्य सहभागिता रहेको देखिन्छ।

## ५.३.२.३. औपचारिक तथा अनौपचारिक क्षेत्रमा आर्थिक रूपले सक्रिय महिलाले समग्र रूपमा भोग्नु परेको समस्या र त्यसको समाधानमा गाउँपालिकाहरू

गाउँपालिकाहरुको दृष्टिबाट औपचारिक तथा अनौपचारिक क्षेत्रमा आर्थिक रूपले सक्रिय महिलाले समग्र रूपमा कस्ता समस्या भोग्नु परेको छ भनि प्रश्न गरिएको थियो।

**आँकडा ८: आर्थिक रूपले सक्रिय महिलाले भोग्नु परेका समस्या र त्यसमा गाउँपालिकाले गर्दै आएको सहयोग**




आर्थिक रूपमा सक्रिय भएका वा भविष्यमा हुन चाहने महिलाहरूले भोग्नु परेको सबैभन्दा ठूलो समस्याको रूपमा घरेलु तथा पारिवारिक जिम्मेवारीहरू देखिन्छन् । त्यस्तै शैक्षिक योग्यता नपुग्नु र सिपको कमीका कारण पनि उनीहरू समस्यामा परेको देखिन्छ भने 'महिलालाई हिँडडुल गर्न असुरक्षित वातावारण भएकोले' भन्ने सम्भावित जवाफ, सबैभन्दा कम गाउँपालिकाहरूको छनोटमा परेको छ । गाउँपालिकाहरूलाई मात्रै उत्तरदाताको रूपमा लिएको र यस सर्वेक्षणले लक्षित महिलाहरूको धारणालाई समेट्न नसकेको कारण पनि यस्तो जवाफ आएको हुनसक्छ । यस निष्कर्षको ठिक विपरीत सन् २०१४ मा महिलाहरूको दृष्टिकोणलाई समेटेर तयार पारिएको एक रिपोर्टका अनुसार सार्वजनिक स्थलमा र कार्यस्थलमा महिला हिंसा व्याप्त रूपमा रहेको तर त्यसको उजुरी कम हुने गरेको छ ।


त्यस्तै यस आँकडा-८ ले आर्थिक रूपमा सक्रिय भएका वा भविष्यमा हुन चाहने महिलाहरूले भोग्नु परेका समस्याको समाधानको लागि गाउँपालिकाहरूले विविध उपायहरू अबलम्बन गरिरहेको पनि देखाउँछ । यी मध्ये महिलालाई यस क्षेत्रमा प्रोत्साहन गर्न सामाजिक सचेतना

फैलाउने कार्य सबैभन्दा धेरै गाउँपालिकाहरूले गर्दै आएको देखिन्छ । त्यस्तै सिप र व्यवसाय विकासका लागि आवश्यक तालिमको व्यवस्था गर्ने, परिवारको सहयोग जुटाउन आवश्यक सचेतना फैलाउने, गाउँस्तरमा उत्पादित वस्तुका लागि नयाँ बजारको खोजी गर्ने जस्ता कार्य पनि धेरै गाउँपालिकाहरूले गर्दै आएको देखिन्छ । यसरी आर्थिक रूपले सक्रिय महिलाले भोग्नु परेका समस्या र त्यसमा गाउँपालिकाले गर्दै आएको सहयोगलाई तुलनात्मक रूपमा हेर्ने हो भने आर्थिक रूपमा सक्रिय भएका वा भविष्यमा हुन चाहने महिलाका मुख्य समस्या पहिचानमा मात्र नभई र यसको समाधानमा समेत गाउँपालिकाहरू सफल भएको बुझ्न सकिन्छ ।

### ५.३.२.४. गाउँपालिकाहरूले समग्रमा महिलाको आर्थिक सशक्तिकरणका लागि विविध प्रयासहरू गर्ने क्रममा आफैले भोगेका समस्या र यसका सम्भावित समाधानहरू

औपचारिक र अनौपचारिक क्षेत्रमा सक्रिय महिलाहरूको आर्थिक सशक्तिकरणका निम्ति गाउँपालिकाहरूले आ-आफ्नो क्षेत्रबाट विविध प्रयासहरू गरिरहेको आँकडा ८ बाट प्रष्ट हुन्छ । यद्यपि, गाउँपालिका आफैले पनि यस क्रममा विविध समस्याहरू भोग्नुपरेको देखिन्छ ।

**आँकडा ९: महिलाको आर्थिक सशक्तिकरणमा गाउँपालिका आफैले भोग्दै आएको समस्या र सम्भावित समाधानहरू**




यी समस्याहरू मध्ये बजेट अभावको समस्यालाई सबैभन्दा धेरै गाउँपालिकाहरूले छनोट गरेका छन् भने दक्ष सहजकर्ताको कमी र आवश्यक भवन/पुर्वाधार नहुनु त्यसपछिको मुख्य समस्या रहेको इङ्गित गरेका छन् । त्यस्तै यसको समधानको निम्ति बजेटको आकार बढाउनु पर्ने र नयाँ दक्ष जनशक्ति थप गर्ने सम्भावित समाधानलाई सबैभन्दा धेरै गाउँपालिकाले छनोट गरेका छन् ।

### ५.३.३. प्राविधिक/व्यावसायिक सिप तथा व्यवसाय दर्ताको अवस्था र चुनौतीहरू

#### ५.३.३.१. गाउँपालिकाहरूमा प्राविधिक/व्यावसायिक सिप हासिल गरेका महिला, र महिलाको नाममा दर्ता भएका व्यवसायको तुलनात्मक विश्लेषण

गाउँपालिकाहरूलाई त्यस क्षेत्रभित्र बसोबास गर्ने कति प्रतिशत महिलाले प्राविधिक/व्यावसायिक सिप हासिल गरेका छन् भनी प्रश्न गरिएको थियो । त्यस्तै उनीहरूलाई कति प्रतिशत महिलाले व्यवसाय दर्ता गरेका छन् भन्ने अर्को प्रश्न पनि गरिएको थियो ।

**आँकडा १०: प्राविधिक/व्यावसायिक सिप हासिल गरेका महिला र महिलाको नाममा दर्ता भएका व्यवसाय**





प्राविधिक/व्यावसायिक सिप हासिल गरेका महिला सबैभन्दा बढी ११-२०% को दायरामा हुनसक्ने अनुमान अधिकतम् गाउँपालिकाहरूले गरेका छन् भने करिब ३५% (७ जना) ले त्योभन्दा कम र बाँकीले त्योभन्दा बढीको दायरामा हुनसक्ने अनुमान गरेका छन् । तथापि, व्यवसाय दर्ता भने, सबैभन्दा बढी उत्तरदाताले १-१०% को दायरामा सीमित भएको हुन सक्ने

अनुमान गरेका छन् भने करिब २०% (४ जना) ले मात्र ११-२०% को दायरामा हुन सक्ने अनुमान गरेका छन् । यसरी हेर्दा तुलनात्मक रूपमा यी गाउँपालिकाहरूमा व्यावसायिक/प्राविधिक सिप सिक्नेको संख्या उलेख्य भए पनि व्यवसाय दर्ता गर्ने महिलाको संख्या निकै कम भएको बुझ्न सकिन्छ । सिपको प्रकृति हेरेर सबै प्राविधिक सिप सिक्ने महिलाले व्यवसाय गर्न सम्भव हुन्छ भन्ने हुँदैन त्यसैले पनि व्यवसाय दर्ता गर्नेको सङ्ख्या केही कम भएको मान्न सकिन्छ । अथवा, महिलाहरूले सिप हासिल गर्ने तर त्यसको व्यावसायिक लाभ नलिने गरेकाले यस्तो भएको हुन सक्छ । त्यस्तै सिप हासिल गरी अनौपचारिक हिसाबमा मात्रै व्यावसायीकरण गरेकाले पनि यस्तो निष्कर्ष आएको हुनसक्छ । त्यसै गरेर कुनै निश्चित विषयमा रहेर सिप/तालिम हासिल गर्नुले मात्रै महिलाहरूलाई व्यावसायिक बाटोमा अगाडि बढ्न पर्याप्त नहुन सक्छ, बरु यस सँगै अन्य थुप्रै त्यस्ता आयामहरू हुन सक्छन्, जसलाई समेटेर सर्वाङ्गिण ढङ्गबाट हस्तक्षेपको रणनीति सम्बन्धित निकायहरूले तय गर्न जरुरी हुन्छ भन्नेतर्फ पनि यसले इङ्गित गरेको मान्न सकिन्छ ।

### ५.३.३.२. महिलाको प्राविधिक/व्यावसायिक सिपको स्तर बृद्धि-विकासका लागि गाउँपालिकाद्वारा सन्चालित कार्यक्रमको सफलताका आधारमा तुलनात्मक विश्लेषण

“गाउँपालिकाले महिलाहरूका लागि प्रदान गरेको प्राविधिक/व्यावसायिक सिपहरू मध्ये कार्यक्रमको उद्देश्य पूर्तिको दृष्टिकोणबाट सबैभन्दा सफल र असफल कार्यक्रमहरू कुन-कुन हुन सक्लान्?” भनी हामीले सोधेका थियौँ ।

**आँकडा ११: प्राविधिक/व्यावसायिक सिप प्रदान गर्ने प्रयासहरू मध्ये सबैभन्दा सफल र असफल कार्यक्रमहरू**





सोधिएको प्रश्नमा सबैभन्दा धेरै गाउँपालिकाहरूले पशुपालनलाई सफल कार्यक्रमको रूपमा छनोट गरेका छन् भने ब्युटिसियन तालिमलाई सबैभन्दा धेरैले असफल कार्यक्रमको रूपमा छनोट गरेका छन् । सफल कार्यक्रमहरूको रूपमा कृषि, सिलाइ-कटाइ, हस्तकला एवम् सजावट सामग्री, पर्यटन, तथा होमस्टे सन्चालन सम्बन्धी कार्यक्रमहरू पनि क्रमश सबैभन्दा बढी छनोटमा परेका देखिन्छन् । यसैगरी ड्राईभिङ्ग, अचार बनाउने तथा खाध्य प्रशोधन, बजारीकरण जस्ता कार्यक्रमहरू असफल कार्यक्रमहरूको रूपमा अगाडि देखिन्छन् । यसबाट सफल ठहरिएका कार्यक्रमहरूलाई गाउँपालिकाहरूले अझ प्राथमिकतामा राख्ने वा असफल ठहरिएका कार्यक्रमहरूको विविध पक्षको अध्ययन गरि त्यसमा सुधार गर्ने जस्ता रणनीति गाउँपालिकाहरूले भविष्यमा तय गर्न सक्छन् ।

### ५.३.३.३. व्यवसाय दर्तामा महिलाको पहुँच, भएका कार्यक्रम र भविष्यका लागि सुझावहरू

अझै पनि गाउँपालिकाहरूमा आर्थिक रूपले सक्रिय महिलाको उल्लेख्य हिस्सा अनौपचारिक क्षेत्रमा रहेको यसै सर्वेक्षणको आँकडा-५ बाट प्रष्ट भइसकेको छ। यस अवस्थामा अनौपचारिक क्षेत्रभित्र पनि विशेष गरेर व्यावसायिक ढङ्गबाट अगाडि बढी रहेका महिलाका प्रयासहरूलाई औपचारिकता दिने हो भने व्यवसाय दर्तामा उनीहरूको पहुँच वृद्धि गर्न अति आवश्यक हुन्छ।

**आँकडा १२: व्यवसाय दर्तामा महिलाको पहुँच पुर्याउनका लागि हाल सन्चालित र भविष्यमा गर्न सकिने कार्यक्रमहरू**





व्यवसाय दर्तामा बढीभन्दा बढी महिलाको सहभागिता बढाउन गाउँपालिकाले विभिन्न गतिविधिहरू संचालन गरिरहेको देखिन्छ। त्यस मध्य सबैभन्दा धैरैले निशुल्क कानुनी सुझाव दिने र आवश्यक कागजात जुटाउन सहयोग गर्ने गरेको देखिन्छ। त्यस्तै एकातर्फ यस सर्वेक्षणको क्रममा ६ वटा (३०%) गाउँपालिकाले यस्ता कुनै पनि कार्यक्रम नभएको जनाएका छन् भने अर्कातर्फ व्यवसाय दर्तामा महिलाको पहुँच बृद्धि गर्नका लागि औधोगिक व्यवसाय ऐनले महिलाका नाममा व्यवसाय दर्ता गर्दा शुल्कमा ३५% छुट दिने व्यवस्था गरेको छ। यसबाट महिलाको आर्थिक सशक्तिकरणका लागि उपलब्ध सुविधाको बारेमा गाउँस्तरसम्म सचेतना नपुगेको हुनसक्ने अड्कल गर्न सकिन्छ। त्यस्तै महिलाहरूलाई औपचारिक रूपमा व्यावसायिक बाटोमा अघि बढ्न सहयोगी नीति/कार्यक्रमहरू अझै पनि अपर्याप्त भएको पनि यसबाट बुझ्न

सकिन्छ। त्यसका लागि भविष्यमा महिलालाई दर्ता शुल्क नलाग्ने, घरदैलोमै दर्ता सुविधा जस्ता कार्यक्रमहरू ल्याउन सके व्यवसाय दर्ता प्रक्रियामा महिलाको पहुँच बृद्धि गर्न सकिने धेरैको धारणा रहेको बुझिन्छ।

### ५.३.३.४. गाउँपालिकाहरूले व्यावसायिक/प्राविधिक सिप विकासका लागि विविध प्रयासहरू गर्ने क्रममा आफैले भोगेका समस्या र यसका सम्भावित समाधानहरू

महिलाहरूको आर्थिक सशक्तिकरणमा आवश्यक प्राविधिक र व्यावसायिक सिपहरूमा पहुँच पर्याउन र हासिल गरेको सिपलाई व्यावसायिक रूप दिनका निम्ति गाउँपालिकाहरूले आ-आफ्नो क्षेत्रबाट विविध प्रयासहरू गरिरहेका छन्।

**आँकडा १३: महिलाको सिप विकासमा गाउँपालिकाले भोग्दै आएका समस्या र सम्भावित समाधानहरू**




यद्यपि यस क्रममा गाउँपालिका आफैले पनि विविध समस्याहरू भोग्नु परेको हुनसक्छ। यस सर्वेक्षणको क्रममा बजेट अभावको समस्यालाई सबैभन्दा धैरै गाउँपालिकाहरूले छनोट गरेका छन् भने दक्ष सहजकर्ताको कमी त्यसपछिको मुख्य समस्या रहेको इङ्गित गरेका छन्। यद्यपि,


बजेटको आकार बढाउने कार्यलाई भने उनीहरूले सम्भावित समधानको सुचिमा त्यति महत्व दिएको पाइँदैन बरु जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने, दक्ष जनशक्ति थप गर्ने जस्ता उपायहरूमा उनीहरू बढी सहमत देखिन्छन् ।

### ५.३.४. वित्तीय पहुँचको अवस्था र चुनौतीहरू

#### ५.३.४.१. बैंक तथा वित्तीय संस्थाहरूमा आफ्नै नामको खाता भएका महिला र व्यावसायिक ऋण हासिल गर्न सफल महिलाहरूको तुलनात्मक विश्लेषण

बैंक तथा वित्तीय संस्थाहरूमा आफ्नै नामको खाता हुने सबैले व्यवसाय गर्दछन् वा सबैले कर्जा लिन्छन् नै भन्ने सम्भावना नहुन सक्छ । त्यसैले यी संस्थामा आफ्नै नामको खाता हुनेहरूको तुलनामा व्यावसायिक कर्जा हासिल गर्नेहरूको संख्यामा केही कमी आउनुलाई स्वाभाविक मान्न सकिन्छ । यद्यपि वित्तीय पहुँच हुनु भन्नाले बैंक तथा वित्तीय संस्थाहरूमा आफ्नै नामको खाता हुनु मात्र नभई यस क्षेत्रबाट समग्र रूपमा प्राप्त गर्न सकिने सम्भावित लाभमा पनि पहुँच पुग्नु हो । यसले गर्दा यस अध्ययनको क्रममा बैंक तथा वित्तीय संस्थाहरूमा आफ्नै नामको खाता हुनेहरूको सम्भावित आँकडा र यी संस्थाहरूबाट व्यावसायिक कर्जा हासिल गर्नेहरूको संख्यालाई तुलना गरिएको छ ।

**आँकडा १४: बैंक तथा वित्तीय संस्थामा महिलाको पहुँचको अवस्था**





'बैंक तथा वित्तीय संस्थाहरूमा आफ्नै नामको खाता हुनेहरूको सम्भावित आँकडा कति

होला ?' भन्ने प्रश्नमा गाउँपालिकाहरूको विभाजित धारणा देखिन्छ। सबैभन्दा धेरै उत्तरदाता ३०% (६ जना) ले ११-२०% को बिच हुनसक्ने अनुमान गरेका छन् भने २५% (५ जना) ले १-१०%, अन्य २५% (५ जना) ले ४१-५०% सम्म हुनसक्ने अनुमान गरेका छन्। तथापी, यी संस्थाबाट ऋण लिन सफल महिलाको संख्या भने तुलनात्मक रूपमा निकै कम रहेको देखिन्छ। उत्तरदाताको करिब ७५% ले यस्ता महिलाको आँकडा १-१०% को बिच मात्रै हुनसक्ने अनुमान गरेका छन्। त्यसैले भविष्यमा महिलाहरूको वित्तीय पहुँचलाई साँच्चिकै प्रभावकारी बनाई उनीहरूको आर्थिक सशक्तिकरणमा टेवा पुर्याउने हो भने यस विषयमा थप अध्ययन गर्न जरुरी हुनसक्छ। त्यसैगरी महिलालाई व्यावसायिक ऋण उपलब्ध गराउनका लागि सहजीकरण गर्ने विविध प्रयासहरूको खाँचो रहेको हुनसक्ने संकेत पनि यसले गर्दछ।

### ५.३.४.२.गाउँपालिकाहरूले महिलाको वित्तीय पहुँच बिस्तार र विकासका लागि विभिध प्रयासहरू गर्ने क्रममा आफैले भोगेका समस्या र यसका सम्भावित समाधानहरू

यस सर्वेक्षणको क्रममा 'महिलाहरूको वित्तीय पहुँच बृद्धि गर्नका लागि गाउँपालिकाले विविध प्रयासहरू गर्ने क्रममा कस्ता समस्या भोग्नु परेको छ ?' र 'यसको सम्भावित समाधान के हुन सक्ला?' भनी प्रश्न सोधिएको थियो।

**आँकडा १५: महिलाको वित्तीय पहुँच बिस्तारमा गाउँपालिकाका समस्या र सम्भावित समाधानहरू**




महिलाको वित्तीय पहुँचलाई अझ प्रभावकारी बनाउने कार्यमा पनि गाउँपालिकाहरूले विभिन्न समस्या भोग्दै आएको र यसको समाधानको लागि विविध गतिविधिहरू समेत संचालन गर्दै आएको देखिन्छ । त्यस मध्ये सबैभन्दा धेरै गाउँपालिकाहरूले बजेट अभाव, महिलाहरूमा साक्षरताको कमी, उनीहरूमा यसको आवश्यकताको ज्ञान नहुनु जस्ता समस्या औँल्याएका छन् । यसैगरी बैंक तथा वित्तीय संस्थाहरूसँग थप सहकार्य र समन्वय गर्ने, बजेटको आकार बढाउने र सहयोगी संघ-संस्थाहरूसँग आवश्यक पहुँच बढाउने कार्यलाई सम्भावित समाधानको रूपमा छनोट गरेका छन् ।


### ५.३.५. बजेट तथा कार्यक्रममा महिलाको आर्थिक सशक्तिकरण

#### ५.३.५.१. विगतका २ वटा आर्थिक वर्षहरूमा महिलाको आर्थिक सशक्तिकरणका लागि गाउँपालिकाद्वारा विनियोजित बजेट, र लाभान्वित संख्याको तुलनात्मक अध्ययन

**आँकडा १६: बजेटमा महिला सशक्तिकरण**



**आँकडा १७: महिला लक्षित कार्यक्रमका लाभान्वित संख्या**




महिलाको आर्थिक सशक्तिकरणका लागि गाउँपालिकाले बिनियोजन गरेको बजेटको आँकडा हेर्दा दुवै आर्थिक वर्षहरूमा सबैभन्दा धेरै उत्तरदाताले २ लाखदेखि १ करोडको दायरामा रहेको कुरा जनाएका छन् । यस्तै ५% ले (१ जना) ले १ करोड देखि १० करोडको दायरामा रहेको जनाएका छन् यद्यपि आर्थिक वर्ष २०७७-७८ मा कुनै पनि उत्तरदाताले २ करोडभन्दा माथिको जवाफ छनोट गरेका छैनन् । यसबाट आर्थिक वर्ष २०७६-७७ को तुलनामा आर्थिक वर्ष २०७७-७८ मा बजेटको आकार केही साँघुरिएको हुनसक्ने सम्भावना देखिन्छ । कोभिड-१९ को महामारीका बिच बजेट विनियोजन भएकोले सङ्घीय सरकारको बजेटसमेत आर्थिक वर्ष २०७७-७८ मा अघिल्लो वर्षको तुलनामा खुम्चिएका (Government of Nepal, Ministry of Finance, 2077) कारण यसो भएको हुनसक्छ ।


त्यस्तै लाभान्वित संख्या भने दुवै आर्थिक वर्षहरूमा १-५०० को दायरामा हुनसक्ने प्रतिक्रिया अधिकतम् उत्तरदाताले दिएका छन् । तथापि, आर्थिक वर्ष २०७७-७८ मा भने करिब २०% (४ जना) उत्तरदाताले लाभान्वित संख्या ५०१ देखि १,००० जनाको बिच हुनसक्ने अनुमान गरेका छन् । यसले आर्थिक वर्ष २०७६/७७ को तुलनामा २०७७/७८ मा सानो आकारको बजेटबाट पनि धेरैले यस्ता कार्यक्रमको लाभ लिन सफल भएको संकेत गर्दछ । साँघुरो बजेट, त्यसमाथि कोभिड महामारीका बिच संचालित यस्ता कार्यक्रमहरू २०७७/७८ मा अझ बढी लाभान्वितहरू

समक्ष कसरी पुग्न सफल भयो भन्ने प्रश्नमा भविष्यमा थप अध्ययन, अनुसन्धान गर्न सकिएला। यद्यपि यसको पछाडि गाउँपालिकाहरूको आफ्नै सिकाइ पनि समय र अनुभवसँगै परिपक्व हुदै गएको करण यसो नतिजा आएको हुनसक्ने अड्कल गर्न सकिन्छ।

## ५.३.५.२. महिलाको आर्थिक सशक्तिकरणका लागि सङ्घीय, प्रादेशिक सरकार र गाउँपालिकाद्वारा संचालित कार्यक्रमहरू


'महिलाको आर्थिक सशक्तिकरणका लागि सङ्घीय, प्रादेशिक सरकार र गाउँपालिकाहरू आफैँद्वारा संचालित कस्ता-कस्ता कार्यक्रमहरू कार्यान्वयनमा छन्?' भनी प्रश्न गरिएको थियो।

**आँकडा १८: महिलाहरूको आर्थिक सक्रियता बृद्धि-विकास गर्न संघीय सरकारद्वारा संचालित कार्यक्रमहरू**





महिलाहरूको आर्थिक सशक्तिकरणलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा समेट्ने सङ्घीय सरकारका विविध कार्यक्रमहरू मध्ये सबैभन्दा धेरै गाउँपालिकाहरूले हाल गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम (MEDEPA), प्रधानमन्त्रि रोजगार कार्यक्रम, प्रदेश र स्थानीय तहको सहकार्यमा व्यावसायिक तथा सिप विकास कार्यक्रम जस्ता कार्यक्रमहरू कार्यन्वयनमा रहेको बताएका छन्।

**आँकडा १९: महिलाहरूको आर्थिक सक्रियता बृद्धि-विकास गर्न प्रादेशिक सरकारद्वारा संचालित कार्यक्रमहरू**




प्रादेशिक सरकारद्वारा संचालित र गाउँपालिकाद्वारा कार्यान्वयन भएका विभिन्न कार्यक्रमहरू मध्य व्यावसायिक तथा सिप विकास कार्यक्रम र विशेष गरेर प्रदेश-२ को सरकारद्वारा संचालित र राष्ट्रिय स्तरमै चर्चा पाएको 'बेटी पढाउ बेटी बचाउ कार्यक्रम' धैरै गाउँपालिकाहरूमा कार्यान्वयनमा रहेको देखिन्छ। त्यस्तै विभिन्न कृषिजन्य उत्पादनको पकेट क्षेत्र कार्यक्रमहरू पनि संचालनमा भएको पाइएको छ मध्ये करिब २०% ले यस्ता कुनै पनि कार्यक्रम कार्यान्वयनमा नभएको बताएका छन्। यसबाट सङ्घीय सरकारको तुलनामा प्रादेशिक सरकारद्वारा संचालित र गाउँपालिकाको कार्यान्वयनमा भएका कार्यक्रमहरू केही कम सङ्ख्यामा भएको बुझ्न सकिन्छ।

**आँकडा २०: महिलाहरूको आर्थिक सक्रियता बृद्धि-विकास गर्न गाउँपालिका आफैँद्वारा संचालित कार्यक्रमहरू**





महिलाहरूको आर्थिक सशक्तिकरणका लागि गाउँपालिकाहरू आफैले संचालन गरेका कार्यक्रमहरूको सूची हेर्दा सबैभन्दा धेरैले कृषि तथा पशुपालन सम्बन्धी कार्यक्रमहरू संचालन गरेको देखिन्छ भने त्यस पछि सिलाई-कटाई तालिमहरू र अन्य सिप विकास सम्बन्धी तालिमहरू सन्चालन गरेको देखिन्छ । आँकडा ६ र आँकडा ७ सँग यो जवाफलाई दाँजेर हेर्ने हो भने पनि गाउँपालिकाहरूले बढीभन्दा बढी महिलाहरूको संलग्नता भएको कार्यक्षेत्रहरूमै बढी कार्यक्रमहरू ल्याउने रणनीति अपनाएको बुझ्न सकिन्छ ।

### ५.३.५.३. महिलाको आर्थिक सशक्तिकरणका लागि सङ्घीय, प्रादेशिक सरकार र गाउँपालिकाद्वारा संचालित कार्यक्रमहरूको प्रभावकारिता

सर्वेक्षणको क्रममा 'महिलाको आर्थिक सशक्तिकरणका लागि सङ्घीय, प्रादेशिक सरकार र गाउँपालिकाद्वारा संचालित कार्यक्रमहरू कत्तिको प्रभावकारी छन् ?' भनी प्रश्न गरिएको थियो । जवाफ संकलनका लागि उत्तरदाताहरूलाई ५ बिन्दुहरू भएको Likert Scale दिइएको

थियो। जसमध्ये पहिलो बिन्दुलाई पुरै राम्रो, दोश्रोलाई राम्रो, तेश्रोलाई ठिकै, चौथोलाई खराब र पाँचौलाई कम खराबको रूपमा मानिएको थियो।

**आँकडा २१: सङ्घीय, प्रादेशिक सरकार र गाउँपालिकाद्वारा संचालित कार्यक्रमहरूको प्रभावकारिता**





तीनै तहका सरकारहरू द्वारा सन्चालित यस्ता कार्यक्रमहरू समग्रमा ठिकै मात्र प्रभावकारी रहेको कुरामा सबैभन्दा धैरै उत्तरदाताहरू सहमत देखिन्छन्। यसैगरी करिब १५% (३ जना) का अनुसार प्रादेशिक र गाउँपालिकाबाट सन्चालित यस्ता कार्यक्रमहरूले पुरै राम्रो प्रभाव पार्न सफल रहेका छन् भने केहीले तीनै तहका सरकारबाट सन्चालित यस्ता कार्यक्रम पूरै खराब भएको पनि जनाएका छन्।

### ५.३.५.४. महिलाको आर्थिक सशक्तिकरणका लागि सङ्घीय, प्रादेशिक सरकार र गाउँपालिकाद्वारा संचालित कार्यक्रमहरूलाई थप प्रभावकारी बनाउने उपायहरू

सर्वेक्षणको क्रममा सङ्घीय, प्रादेशिक सरकार र गाउँपालिकाद्वारा संचालित कार्यक्रमहरूलाई थप प्रभावकारी बनाउन के गर्नुपर्ला भनी ३ वटा छुट्टाछुट्टै प्रश्न गरिएको थियो। यी तिनवटा प्रश्नहरूबाट प्राप्त जवाफहरूलाई एउटै रेखाचित्रभित्र राखी तुलनात्मक अध्ययन गरिएको थियो।

**आँकडा २२: सङ्घीय, प्रादेशिक सरकार र गाउँपालिकाद्वारा संचालित कार्यक्रमहरूलाई थप प्रभावकारि बनाउने उपायहरू**




सङ्घीय र गाउँपालिका स्तरबाट संचालित यस्ता कार्यक्रमको प्रभावकारिता बढाउनका लागि सर्वप्रथम महिलाहरू माझ नै यस्ता कार्यक्रमको महत्व बुझाउन जरुरी रहेको कुरामा सबैभन्दा धैरै गाउँपालिकाहरू सहमत देखिन्छन्। त्यस्तै प्रादेशिक सरकारद्वारा संचालित कार्यक्रमहरूलाई अझ प्रभावकारी बनाउनका लागि बजेट थप गर्नुपर्ने कुरामा धैरै गाउँपालिका सहमत देखिन्छन्।


## ५.३.६. गाउँपालिकाहरूको कानुनमा महिलाको आर्थिक सशक्तिकरण

महिलाको आर्थिक सशक्तिकरणको विविध अन्तर्निहित आयामहरू मध्येमा कानुनी अधिकारलाई एक महत्त्वपूर्ण आयामको रूपमा हेरिन्छ (Overseas Development Institute, n.d.)। यसै परिप्रेक्षमा यस सर्वेक्षणको क्रममा गाउँपालिकाहरूले महिलाको आर्थिक सशक्तिकरणका लागि कस्ता ऐन, नीति, कार्यविधि तर्जुमा गरेका छन्, त्यसको प्रभावकारिता कस्तो छ र भविष्यमा यसलाई अझ प्रभावकारी बनाउन के गर्न सकिएला भनी बुझ्ने प्रयास गरिएको थियो।

### ५.३.६.१. महिलाको आर्थिक सशक्तिकरणका लागि गाउँपालिकाद्वारा हालसम्म प्रकाशन/प्रभावकारी भएका कानुनी दस्तावेजहरूको अनुमानित आँकडा

यस सर्वेक्षणको क्रममा 'गाउँपालिकाहरूबाट महिलाको आर्थिक सशक्तिकरणमा टेवा पुर्याउने उद्देश्यका साथ प्रकाशन र प्रभावकारी भएका कानुनी दस्तावेजहरू कति संख्यामा छन्' भनी सोधिएको थियो।


**आँकडा २३: महिलाको आर्थिक सशक्तिकरणका लागि हालसम्म प्रकाशन/प्रभावकारी भएका कानुनी दस्तावेजहरू**




उत्तरदाताको रूपमा छनोट भएका मध्ये ५०% गाउँपालिकाहरूले महिलाको आर्थिक सशक्तिकरणका विभिन्न पाटाहरूलाई समेटेर नीति, ऐन र कार्यविधीहरू प्रकाशन गरेको देखिन्छ भने बाँकी ५० % ले हालसम्म यस्तो कुनै पनि दस्तावेज प्रकाशन नगरेको देखिन्छ। यसले महिलाको आर्थिक सशक्तिकरणको विषय गाउँपालिका स्तरको कानुन र दस्तावेजहरूमा समेटिनु पर्ने आवश्यकता रहेको सङ्केत गर्दछ।

### ५.३.६.२. महिलाको आर्थिक सशक्तिकरणका लागि गाउँपालिकाद्वारा हालसम्म प्रकाशन/प्रभावकारी भएका कानुनी दस्तावेजहरूले मुख्य रूपमा समेटेका क्षेत्रहरू


**आँकडा २४: कानुनी दस्तावेजहरूले मुख्य रूपमा समेटेका क्षेत्रहरू**




गाउँपालिकाहरूमा प्रकाशन भएका यी दस्तवेजहरूले कार्यस्थलमा हुने हिंसा न्यूनीकरणको विषयलाई मुख्य रूपमा समेटेको देखिन्छ। यसैगरी महिनावारी, प्रजनन र शिशुस्याहार सम्बन्धी सुविधाहरू, उद्यमी महिलालाई आवश्यक स्रोत साधन र भौतिक सहयोग उपलब्ध गराउने विषयहरू पनि यी दस्तावेजहरूले समेटेको पाइन्छ।

### ५.३.६.३. दस्तावेजको उद्देश्य प्राप्तिको दृष्टिबाट महिलाको आर्थिक सशक्तिकरणका लागि गाउँपालिकाद्वारा हालसम्म प्रकाशन/प्रभावकारी भएका कानुनी दस्तावेजहरूको प्रभावकारिता


**आँकडा २५: गाउँपालिकाद्वारा लक्षित उद्देश्य हासिल गर्न यी कानुनी दस्तावेजहरूको प्रभावकारिता**




यी दस्तावेजहरूले आफ्नो लक्षित उद्देश्य पूर्ति गर्न ठिकै मात्र सफल भएको कुरामा करिब ३०% (६ जना) उत्तरदाताहरू सहमत भएको देखिन्छ। यसैगरी करिब २५% (५ जना) यी दस्तावेज धेरै सफल भएको ठान्दछन् भने करिब २०% (४ जना) पुरै असफल भएको ठान्दछन्।

### ५.३.६.४. महिलाको आर्थिक सशक्तिकरणका लागि गाउँपालिकाद्वारा हालसम्म प्रकाशन/प्रभावकारी भएका कानुनी दस्तावेजहरूलाई थप प्रभावकारि बनाउने सम्भावित उपायहरू

**आँकडा २६: दस्तावेजहरूको कार्यान्वयन पक्षलाई थप प्रभावकारी बनाउने उपायहरू**




यी दस्तावेजहरूलाई अझ प्रभावकारी बनाउनको लागि यसको कार्यान्वयन गर्ने निकायलाई थप प्रोत्साहन गर्नुपर्ने विषयमा सबैभन्दा धेरै गाउँपालिकाहरू सहमत भएको देखिन्छ। यसैगरी यी दस्तावेजहरूको व्यापक प्रचारप्रसार गर्नुपर्ने र कार्यान्वयन नभएमा कडाईका साथ सजायको व्यवस्था गर्नुपर्ने सम्भावित जवाफहरू पनि क्रमश सुझावको रूपमा अगाडि आएका छन्।

# खण्ड – ३

## ६. निष्कर्ष

यस अध्ययनले सुझाव स्वरुप प्रस्तुत गरेका बिषयहरुलाई महिलाको आर्थिक सशक्तिकरणका विविध आयामहरु भित्र रहेर हेर्दा निम्नानुसार निष्कर्षमा पुग्न सकिन्छ:

### ६.१. प्रत्यक्ष आयामहरू

### ६.१.१. सामूहिक कार्य र नेतृत्व

संघीय राज्य प्रणाली अनुरूप २०७४ सालमा सम्पन्न स्थानीय निर्वाचनमा निर्वाचित ३५०४१ जनप्रतिनिधिहरू मध्ये ४०.९६ प्रतिशत अर्थात् १४३५२ जनप्रतिनिधिहरू महिलाहरू र उपप्रमुखहरूको उपस्थिति ९१ प्रतिशत रहेको छ । यस किसिमको उपस्थिति वा प्रतिनिधित्व महिला आर्थिक सशक्तिकरणको बलियो आधार हो । त्यसोभए तापनि निर्णय प्रक्रिया तथा क्षेत्राधिकारको बलियो प्रावधान नभएसम्म उपस्थितिले मात्र सशक्तिकरणमा प्रभाव पार्छ भन्ने निश्चित गर्न सकिंदैन । त्यसैले प्रतिनिधित्वको साथसाथै निर्णयको अधिकार र क्षेत्राधिकार बढाउनु पनि सशक्तिकरणका लागि महत्वपूर्ण देखिन्छन् । त्यसका साथै जनप्रतिनिधिहरुलाई मौजुदा नीति नियमहरुको बारेमा पूर्ण जानकारी, नीति निर्माणको प्रक्रिया, कार्यान्वयन, अनुगमन, नियमन तथा मूल्यांकन सम्वन्धी आवश्यक ज्ञान सीपको विकास गर्नुपर्ने जरुरी देखिन्छ। त्यस्तै महिला उद्यमीहरुको हक-हीतका निम्ति काम गर्ने, उनीहरुद्वारा नै नेतृव गरिएका स्थानीय र राष्ट्रिय स्तरका समुहहरुको सहकार्यलाई समेत मजबुद बनाउदै महिलाको आर्थिक सशक्तिकरणमा अगाडी बढ्न सकिने देखिन्छ।

### ६.१. २. रोजगारी अर्थात् नियमित तलब पाइने कामहरू

अनौपचारिक क्षेत्रको तुलनामा औपचारिक क्षेत्रबाट आर्थिक रुपले सक्रिय महिलाको हिस्सा निकै सानो छ । औपचारिक र अनौपचारिक दुवै क्षेत्रका सबै भन्दा बढी महिलाहरु कृषि र पशुपालन, खुद्रा पसलहरु र अन्य घरेलू उद्योगमा सक्रिय देखिन्छन् । यद्दपी यस सम्बन्धि बास्तविक अवस्था बुझ्नका लागि समय समयमा तथ्याङ्कहरु अध्यावधिक गर्नु पर्ने देखिन्छ। शैक्षिक योग्यता नपुग्नु र सिपको कमीका कारण पनि उनीहरू समस्यामा परेको देखिन्छ। यसो भए तापनि नीतिगत आर्थिक क्रियाकलापहरुमा महिलाहरुको संलग्नताका सम्वन्धमा थुप्रै नीतिगत प्रावधानहरु छन्। जसले महिलाहरुको उद्यमशीलता विकासमा जोड दिएका छन् र थुप्रै व्यवसायिक अवसरहरु पनि प्रदान गरेका छन्। त्यसैले यी अवसरहरुको प्रयोगका लागि सचेतना विस्तार गर्नुपर्ने,सहजीकरणको व्यवस्था गर्नुपर्ने तथा बजेट बढाउनु पर्ने, आवश्यक ज्ञान सीपको

विकास गर्नुपर्ने, दक्ष जनशक्ति थप गर्नु पर्ने, आवश्यक पूर्वाधार थप गर्नु पर्ने, गाउँपालिकाको क्षेत्राधिकार बढाउनु पर्ने, नयाँ नीति निर्माण गर्नुपर्ने देखिन्छ ।

### ६.१.३. शिक्षा तथा सिप विकाससम्वन्धी तालिमहरू

शिक्षा तथा सीप विकास सम्वन्धी तालिमहरुको सम्वन्धमा प्राविधिक तथा व्यावसयिक सीपको पहुँच साघुरो भएको र त्यसको तुलनामा आफ्नै नामको व्यवसाय दर्ता गर्ने महिला अझ कम रहेको देख्न सकिन्छ । तथापि व्यवसाय दर्तामा महिलाको पहुँच बृद्धि गर्नका लागि सङ्घीय स्तरबाटै शुल्कमा छुट, उद्यमशीलता प्रशिक्षण तथा सहजीकरण केन्द्रहरु समेत स्थापनाको प्रावधानहरु यसका लागि अवसरको रुपमा देखिन्छन् । त्यसैले यी अवसरहरुको कार्यान्वयन अर्थात तिनीहरुको प्रयोग साथै सिप विकास सँगै व्यवसायिक विकासलाई सँगसँगै जोडेर कार्यक्रमहरु ल्याउनु पर्ने घरदैलो व्यवसाय दर्ता सुबिधा दिने, महिलाद्वारा संचालित व्यवसायलाई निशुल्क दर्ता गरिदिने जस्ता कार्यक्रमहरु ल्याउन पर्ने देखिन्छ । त्यस्तै बजारको प्रवृति र आधुनिक प्रविधिलाई ध्यानमा राखेर सीपमुलक तालिमहरुको शिर्षक तय गर्दा अझ प्रभावकारी हुन सक्छ ।

### ६.१. ४. सम्पत्ति तथा वित्तीय सेवाहरूमा पहुँच विस्तार

वित्तीय सेवाहरूमा पहुँच विस्तार सम्वन्धमा बैंक तथा वित्तीय संस्थाहरुमा आफनै नामको खाता खोल्ने महिलाको संख्या सानो देखिन्छ । व्यवसायिक ऋण हासिल गर्न सफल महिलाहरु झनै कम छन् । वित्तीय पहुँचको बारेमा महिलाहरु माझ शिक्षाको कमि, यसको महत्वको बारेमा महिलालाई नै ज्ञान नभएको अवस्था छ । बैंक तथा वित्तीय संस्थाबाट गाउँपालिकासँग आवश्यक सहकार्य हुन नसकेको पनि देखिन्छ । तर मौद्रिक नीतिमा स्थानीय तहका सबै वडामा वित्तीय सेवाको पहुँच सुनिश्चित गर्न राष्ट्रबैंकको स्वीकृति लिइरहनुनपर्ने,वित्तीय पहुँच र सेवाको गुणस्तर अभिवृद्धि गरिने कुराहरु यसका अवसरका रुपमा देखिन्छन् । त्यसैले बैंक तथा वित्तीय संस्थाहरुसँग थप सहकार्य गर्नुपर्ने, महिलाहरु माझ नै यसको महत्वको बारेमा सचेतना फैलाउनु पर्ने र भविष्यमा यसका निम्ति महिलालाई प्राथमिकतामा राखि नीति तथा कानुन निर्माण गर्न सकिने देखिन्छ ।

### ६.१.५. सामाजिक सुरक्षा

सामाजिक सुरक्षा सम्वन्धमा महिलाहरुको साक्षरता दर कम अर्थात ६० प्रतिशतको हाराहारीमा मात्रै छ । यसले अन्य सामाजिक सशक्तिकरणका क्षेत्रमा जस्तै आर्थिक सशक्तिकरणका पक्षमा पनि महिलाहरुलाई समस्या पारेको छ । यसैगरी महिनावारी, प्रजनन र शिशुस्याहार सम्बन्धी

सुविधाहरूमा पर्याप्त ध्यान पुग्नसकेको देखिँदैन । दस्तावेजहरूले महिनावारी, प्रजनन र शिशुस्याहार सम्बन्धी सुविधाहरू, उद्यमी महिलालाई आवश्यक स्रोत साधन र भौतिक सहयोग उपलब्ध गराउने विषयहरू पनि समेटेका छन् । तर यिनीहरुको कार्यान्वयनको पक्षमा जोड दिनु र यी महिला साक्षरता तथा शिशु स्याहार,प्रजनन स्वास्थ आदिका सम्वन्धमा आवश्यकता अनुसार थप नीतिनियमहरु निर्माण गर्नुपर्ने देखिन्छ ।

### ६.१.६. प्रत्यक्ष आय आर्जन नहुनेखालका घरायसी कामहरूको सम्मान

यस सम्वन्धमा अनौपचारिक क्षेत्रमा आर्थिक रूपले सक्रिय महिलाहरू मध्य सबैभन्दा धेरै कृषि, पशुपालन, घरेलु उद्योगहरू र किराना/खुद्रा पसलहरूमा सक्रिय देखिन्छन् । औद्योगिक उत्पादनको क्षेत्रमा महिला सहभागिता शून्यप्राय नै देखिन्छ । तथापि पन्ध्रौं आवधिक योजनामा उद्यमशीलता विकास,सहुलियतपूर्ण ऋण व्यवस्था,सरकारको वार्षिक वजेट (२०७८,२०७९) मा लघु उद्यम,साना तथा मझौला उद्यम आदिका लागि बिउ पूँजीको व्यवस्था,सीपमूलक तालिम आदि जस्ता प्रावधानहरुले आय आर्जन हुने औपचारिक आर्थिक क्रियाकलापहरुमा महिलाहरुको लागि अवसरहरु भएको देखाउँछ । त्यसैले शैक्षिक अवसर तथा ज्ञान सीपको विकास गर्ने र घरायसी कामको पनि सम्मान गर्ने त्यसलाई मौद्रिक मूल्यमा गणना गर्ने व्यवस्था हुनुपर्ने देखिन्छ ।

## ६.२. अन्तर्निहित आयामहरू

### ६.२.१. .आर्थिक नीति

नेपाल सरकारले आफ्नो वार्षिक बजेट,लैंगिक उत्तरदायी बजेटमार्फत महिला लक्षित कार्यक्रममा जोड दिएका छन् । मौद्रिक नीतिले वित्तीय पहुँच विस्तारमा टेवा पुर्‍याएको छ । आवधिक योजनाहरुमा संघ तथा प्रदेशहरुले महिला लक्षित कार्यक्रमहरुलाई प्राथमिकतामा राखेका छन् । यद्यपि प्रायजसो पालिकाहरुले बजेटको कमीलाई औल्याएका छन् तापनि यी अर्थसम्वन्धी नीतिगत व्यवस्थाहरु महिला आर्थिक सशक्तिकरणका लागि अवसरहरु हुन् । यसको प्रभावकारी परिचालन,कार्यान्वयको पक्षमा भने सबै तहका निकायहरुले विशेष ध्यानदिनुपर्ने देखिन्छ ।

### ६.२.२. कानूनी प्रवधान

महिलाहरुको आर्थिक सशक्तिकरण सम्वन्धी कानुनी प्रावधानका सम्वन्धमा धेरै नै कानुन तथा नीतिहरु बनेका देखिन्छन् । राष्ट्रपति महिला उत्थान कार्यक्रम,गरिबी निवारणका लागि उद्यम विकास कार्यक्रम, औद्योगिक व्यवसाय ऐन, लैङ्गिक समानता नीति आदि यसका उदाहरणहरु

हुन् । पालिकाहरुमध्ये झण्डै आधाजसोले भने कानुनी दस्तावेजहरु पर्याप्त नभएको औल्याएका छन् । तर संविधानले स्थानीय निकायलाई आफ्नो अधिकारक्षेत्रभित्र रहेर आवश्यक ऐन,नीति नियम बनाउन पाउने अधिकार दिएको छ । त्यसैले पालिकाहरुले महिला आर्थिक सशक्तिकरणका सम्वन्धमा मौजुदा नीति नियमहरुको प्रभावकारी कार्यान्वयनका साथै आवश्यक नीति नियमहरु निर्माण समेत गर्नुपर्ने देखिन्छ ।

### ६.२.३. श्रम बजारका चरित्रहरु

अध्ययनले औपचारिक क्षेत्रमा आर्थिक रुपले सक्रिय महिलाहरुको संख्या निकै कम हुन सक्ने देखाएको छ । यसले पनि श्रम बजारमा महिलाहरुको उपस्थिति कमजोर भएको वर्तमान अवस्थालाई उजागर गर्दछ । परम्परागत सामाजिक सोच तथा व्यवहार र पर्याप्त ज्ञान सीपको अभावमा पनि श्रम बजारमा प्रतिस्पर्धा गर्न महिलाहरुलाई समस्या परेको देखिन्छ । समान श्रमको लागि समान ज्यालाको व्यवस्था सम्वन्धी संवैधानिक प्रावधान र उद्यम व्यवसायमा महिलाहरुको लागि विशेष व्यवस्था उल्लिखित चुनौतीहरुको समाधानका लागि अवसरको रुपमा देखा पर्दछन् । यस्ता प्रावधानहरुले श्रम बजारमा पहुँच बढाउन मार्ग प्रशस्त गरेको छ भन्न सकिने आधार छ । त्यसैले मौजुदा नीति नियमहरुको कार्यान्वयनमा विशेष पहल हुनु जरुरी छ ।

### ६.२.४. लैङ्गिक तथा सामाजिक मूल्य मान्यता

पितृसत्तात्मक सोच र संस्कारबाट प्रभावित समाज र जात, वर्ण,धर्म, भौगोलिक अवस्था आदि कारणले महिलाहरुको आर्थिक तथा सामाजिक उत्थानमा व्यवधानहरु देखिएका छन् । वित्तीय स्रोत र साधनमाथिको पहुँच र निर्णयमा पनि यसले समस्या पारेको छ, तापनि महिला आर्थिक सशक्तिकरणका सवालमा विश्वव्यापी रुपमा विभिन्न अभियान वा प्रयासहरुलाई नेपालले अंगिकार गरेको छ, ऐक्यवद्धता जनाएको छ । आफ्ना नीति तथा कार्यक्रमहरुमा तिनलाई समावेश तथा आत्तरिकीकरण समेत गरेको छ । महिला आर्थिक सशक्तिकरणका लागि यो उज्यालो पक्ष हो । अतः प्रदेश तथा स्थानीय निकायहरुले यस क्षेत्रमा थालेका प्रयासहरुलाई निरन्तरता दिनु,कार्यान्वयन पक्षमा जोड दिनु र आवश्यकता तथा औचित्यताका आधारमा नयाँ नीति निर्माण पनि गर्नु जरुरी देखिन्छ ।

## ७. सन्दर्भ सामाग्री


नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय. (n.d.). https://mohp.gov.np/en.

महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय. (२०७४). https://mowcsc.gov.np/.

महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय. (२०७४, असार). *सशक्तिकरण*. https://mowcsc.gov.np/downloadfiles/pjv4rnuWqj8NUWkfV1fd5RiubUJI3MMtHsqKwG-MH-1625551943.pdf

राष्ट्रिय सहकारी विकास बोर्ड. (२०७७). *सहकारी संवाद, वर्ष ३१*(अंक १०).

महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय. (२०७७, असार). *सशक्तिकरण*. https://mowcsc.gov.np/downloadfiles/I1D6qTmgzHeJLvjpdYvUgro6gRh6v13s0vh-22fbT-1625557583.pdf

नेपाल सरकार, राष्ट्रिय योजना आयोग. (२०७७, पुस). *दिगो विकास लक्ष्य,स्थानीयकरण स्रोत पुस्तिका*. https://www.npc.gov.np/images/category/SDG_Localization_Report_Final.pdf

BBC. (n.d.). *महिला हिंसा: नेपालमा पाँच वर्षमा '८ हजारभन्दा बढी बलात्कार, झन्डै ६० हजार घरेलु हिंसाका उजुरी'*. https://www.bbc.com/nepali/news-56029840

Central Bureau of Statistics, Nepal. (n.d.). *National Population and Housing Census-2011*. https://unstats.un.org/unsd/demographic-social/census/documents/Nepal/Nepal-Census-2011-Vol1.pdf

Coyle et al. (2014). *Women's insecurities and the workplace in Nepal*. https://www.files.ethz.ch/isn/177981/womens-insecurities-and-the-workplace-in-nepal-high-res.pdf

*Gender Responsive Budget Localization Strategy*. (2015). http://lgcdp.gov.np/content/gender-responsive-budget-localization-guideline

Government of Nepal, Ministry of Finance. (2077). *प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमुना निर्देशिका*. https://tinyurl.com/3dken289

International Development and Research Center. (1989). WID, WAD, GAD: TRENDS IN RESEARCH AND PRACTICE. https://www.jstor.org/stable/4191904

International Labour Organisation (ILO). (n.d.). *Indicator description: Informality*. https://ilostat.ilo.org/resources/concepts-and-definitions/description-informality/

Law Commission Nepal. (२०६१). *राष्ट्रिय कृषि नीति*. https://tinyurl.com/4cwr5tsw

*National Review of Sustainable Development Goals*. (n.d.). https://npc.gov.np/. https://npc.gov.np/np/category/sustainable_development_goal

Overseas Development Institute. (n.d.). https://odi.org/en/publications/womens-economic-empowerment-navigating-enablers-and-constraints/

*Oxfam's Conceptual Framework on Women's Economic Empowerment*. (2017). https://policy-practice.oxfam.org/resources/oxfams-conceptual-framework-on-womens-economic-empowerment-620269/

Shilpakar Rajkarnikar, R. (n.d.). Perspective of women in the Nepalese Economy Opportunities Challenges and further scope. https://www.nepjol.info/index.php/EJON/article/view/36031

*Study the Effectiveness of Programmes Targeted to Women ( Final Report)*. (2003). https://www.npc.gov.np/images/category/Study-the-effectiveness-of-programmes-targeted-to-women.pdf

United Nations. (1995). United Nations Fourth World Conference on Women. https://www.un.org/womenwatch/daw/beijing/fwcwn.html

United Nations Department of Economic and Social Affairs. (n.d.). https://www.un.org/en/desa.

*UN Women Nepal*. (n.d.). https://asiapacific.unwomen.org/en/countries/nepal/about-un-women-nepal

*WED Assessment Guide, ILO*. (2013). https://unctad.org/system/files/non-official-document/PPTJoniSimpson.pdf

WIEGO. (2020). *Domestic Workers, Risk and Social Protection in Nepal*. https://www.wiego.org/sites/default/files/publications/file/WIEGO_PolicyBrief_N20_Nepal%20for%20Web.pdf

# खण्ड – ४

# ८. अनुसूची

## ८.१. अनुसूची-१: नमुना छनोट

यस अध्ययन कार्यक्रमका लागि उत्तरदाताको रूपमा नेपालभरका २० वटा गाउँपालिकाहरूलाई लिइएको छ। उत्तरदाताहरू छनोट गर्दा यथासम्भव रूपमा लैङ्गिक रूपमा समावेशी र भौगोलिक रूपमा प्रतिनिधिमूलक बनाउन प्रयास गरिएको थियो।


### ८.१.१. सर्वेक्षणको लागि लिइएका २० वटा नमुना गाउँपालिकाहरू

| क्र. सं | प्रदेश | जिल्ला | गाउँपालिका |
|---|---|---|---|
| १ | प्रदेश नं-१ | सोलुखुम्बु | माप्य दुधकोशी गाउँपालिका |
| २ | प्रदेश नं-१ | ताप्लेजुङ | मैवाखोला गाउँपालिका |
| ३ | प्रदेश नं-१ | उदयपूर | लिम्चुङ्गबुङ गाउँपालिका |
| ४ | प्रदेश नं-१ | झापा | कमल गाउँपालिका |
| ५ | प्रदेश नं-२ | पर्सा | पटेर्वा सुगौली गाउँपालिका |
| ६ | प्रदेश नं-२ | महोत्तरी | एकडारा गाउँपालिका |
| ७ | प्रदेश नं-२ | रौतहट | दुर्गा भगवती गाउँपालिका |
| ८ | बागमती प्रदेश | सिन्धुपाल्चोक | जुगल गाउँपालिका |
| ९ | बागमती प्रदेश | रसुवा | कालिका गाउँपालिका |
| १० | बागमती प्रदेश | सिन्धुली | गोलन्जोर गाउँपालिका |
| ११ | गण्डकी प्रदेश | म्याग्दी | धवलागिरी गाउँपालिका |
| १२ | गण्डकी प्रदेश | लम्जुङ | दोर्दी गाउँपालिका |
| १३ | गण्डकी प्रदेश | तनहुँ | घिरिङ्ग गाउँपालिका |
| १४ | लुम्बिनी प्रदेश | प्युठान | सरुमारानी गाउँपालिका |
| १५ | लुम्बिनी प्रदेश | रुकुम पूर्व | सिस्ने गाउँपालिका |

| क्र. सं | प्रदेश | जिल्ला | गाउँपालिका |
|---|---|---|---|
| १६ | लुम्बिनी प्रदेश | रूपन्देही | गैडहवा गाउँपालिका |
| १७ | कर्णाली प्रदेश | जुम्ला | गुठिचौर गाउँपालिका |
| १८ | कर्णाली प्रदेश | सल्यान | कुमाख गाउँपालिका |
| १९ | सुदुरपश्चिम प्रदेश | डोटी | सायल गाउँपालिका |
| २० | सुदुरपश्चिम प्रदेश | डेडलधुरा | भागेश्वर गाउँपालिका |


छनोट भएका २० वटा गाउँपालिकाहरू सातै प्रदेशभर फैलिएका छन् ।

## ८.१.२. सर्वेक्षणको नमुनामा भौगोलिक अवस्थितिको प्रतिनिधित्व




नेपालका ७ प्रदेशभित्र फैलिएका ४६० वटा गाउँपालिकाहरूको भौगोलिक अवस्थितिको प्रतिनिधित्व गराउन आनुपातिक विश्लेषणबाट प्रत्यक प्रदेश अन्तर्गत निश्चित संख्यामा हिमाली, पहाडी र तराई क्षेत्रका गाउँपालिकाहरूलाई उत्तरदाताको रूपमा छनोट गरिएको थियो ।

### ८.१.३. सर्वेक्षणको नमुनामा गाउँपालिकाहरू, महिला र दलित प्रमुखको प्रदेशगत प्रतिनिधित्व




आनुपातिक विश्लेषणबाटै हरेक प्रदेशभित्र गाउँपालिकाको प्रमुख नेतृत्व तहमा महिला भएका गाउँपालिकाहरूलाई समेत समावेश गरिएको थियो। यस प्रक्रियाबाट छनोट गर्दा प्रदेश -२ का कुनै पनि गाउँपालिकामा महिलाको नेतृत्व नभएको हुँदा, त्यस बाहेकका हरेक प्रदेशहरूमा महिलाद्वारा नेतृत्व गरिएको कम्तीमा एउटा गाउँपालिकालाई समावेस गरिएको थियो। त्यस्तै प्रमुख नेतृत्व तहमा दलित समुदायबाट प्रतिनिधित्व भएको नेपालको एकमात्र गाउँपालिका, लुम्बिनी प्रदेशको प्युठान जिल्लामा पर्ने सरुमारानी गाउँपालिकालाई समेत सामेल गरिएको थियो।